# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः ५ मितिः २०७८/०३/२१

भाग — २

## देवघाट गाउँपालिका

## देवघाट गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०७८

देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**देवघाट, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

# देवघाट गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, २०७८

गाउँसभाबाट स्वीकृत मितिः २०७८/०३/१०

प्रमाणित मितिः २०७८/०३/२१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम देवघाट गाउँपालिकाको गाउँ सभाले पारित गरेको तल लेखिए बमोजिमको वार्षिक नीति तथा कार्यक्रम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

आ.व. २०७८/०७९ का लागि देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापा ज्यूद्वारा गाउँ सभाको आठौं गाउँ सभामा प्रस्तुत नीति तथा कार्यक्रमः

**सभा अध्यक्ष महोदय,**

१. नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र सबै खालका आन्दोलन तथा संघर्षका क्रममा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहीद, बेपत्ता तथा घाइते परिवारप्रति सम्मान सहित घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसैगरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । हामी सम्पूर्ण नागरिकहरुले राजनैतिक क्रान्ति प्राप्त गरी सक्यौ, अब आर्थिक क्रान्ति सम्पन्न गरी समुन्नत देश र समुन्नत गाउँपालिका निर्माण गर्नुछ र हाम्रो **देवघाट समृद्ध देवघाट** भन्ने नारालाई साकार पार्नुछ तथापी आर्थिक क्रान्ति सम्पन्न गर्नको लागि सबैले आ-आफ्नो भूमिका, जिम्मेवारी र कर्तव्य सकुशल पूरा गर्नु नै संघीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म हो । “सिंहदरबारको अधिकार घरघरमा” भन्नुको अर्थ पहिला केन्द्रिकृत सोच अनुरुपराज्यले प्रदान गर्ने सेवा र सुविधाहरु जस्तै शिक्षा, स्वास्थ, कृषि, सडक, खानेपानी तथा सरसफाई लगायतका सुबिधाहरु स्थानीय

सरकार मार्फत हरेक नागरिकको घर-दैलोमा सहज रुपमा उपलब्ध रहेको भन्ने अवस्था हो।

२. देशका विभिन्न ठाउँहरुमा हालै आएको मनसुनजन्य बाढी पहिरोबाट ठुलो धनजनको क्षति भइ थुप्रै घर परिवार विस्थापित विस्थापित हुन पुगेको यस प्राकृतिक संकटको घडीमा म मेरो व्यक्तीगत र देवघाट गाँउपालिकाबासीको तर्फबाट धैर्य रहन आग्रह गर्दछु ।

३. विश्वव्यापी रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोभिड -१९ को महामारीबाट देवघाट ५ बस्ने १ जना नागरिकले जीवन गुमाउनु भएको हुँदा निज र स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवाजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । कोभिड - १९ बाट स्वदेश तथा विदेशमा संक्रमित हुनु भएका सबै नेपाली दिदीबहिनी तथा दाजुभाइको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. कोभिड-१९ को महामारीबाट सबै नागरिकलाई सुरक्षित राख्न लागू गरिएको लकडाउनको पूर्ण परिपालना गर्नु भएकोमा सबैमा धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पनि यस महामारीबाट बच्न सरकारले चाल्ने हरेक कदममा निरन्तर साथ र समर्थन पाइरहने विश्वास लिएको छु ।

५. संकटको यस घडीमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा अग्रपङ्तिमा अहोरात्र खटिनु हुने गाउँपालिकाका सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, खानेपानी तथा सरसफाइकर्मी, उपभोक्ता समिति, एम्बुलेन्स चालक लगायत राष्ट्रसेवक कर्मचारीहरुको योगदानको उच्च प्रशंशा गर्दछु । जोखिमपूर्ण यस परिस्थितिमा आ-आफ्नो तहबाट खटिनु हुने जनप्रतिनिधि, राजनीतिक दल, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र, नागरिक समाज, स्वयंसेवक लगायत सबै व्यक्ति तथा संघसंस्थालाई धन्यवाद व्यक्त गर्दछु । गाउँपालिकाले स्थापना गरेको स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा स्वैच्छिक

रुपमा नगद योगदान गर्नु हुने बैङ्क तथा वित्तीय संस्था, व्यक्ति तथा अन्य संघसंस्था एवं स्वास्थ्य सामग्री तथा जिन्सी सामान सहयोग गर्नु हुने सबै महानुभावप्रति आभार प्रकट गर्दछु ।

६. हरेक आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट सहभागितात्मक रुपमा तथा सरोकारवालाहरुको राय सुझाव सहित समेटेर यथार्थपरक तथा पारदर्शी रुपमा तयार गर्ने र सोही अनुसार कार्यान्वयन गरिएको व्यहोरा अवगत गराउँदछु । यसै क्रममा आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, सरोकारवालाहरु समेतको अमूल्य रचनात्मक सुझाव संकलन गरी तर्जुमा गरिएको छ ।

७. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोग (कोभिड - १९) को संक्रमणबाट मानव सभ्यता र मानव जातीमाथि नै अकल्पनीय संकट आइपरेको छ । प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड-१९ बाट मानव जीवन रक्षा गर्ने र महामारीबाट शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने मूल लक्ष्य लिई नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

८. सीमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको सर्वाङ्गीण विकास गर्ने स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित गाउँपालिका तीव्र गतिमा अगाडि बढिरहेको अवस्थामा कोभिड -१९ को संक्रमणको सामना गर्नु पर्दा गाउँपालिकाको सेवा प्रवाह, विकास निर्माण लगायतका समग्र गतिविधि प्रभावित भएका छन । यस विषम परिस्थितिमा स्थानीय सरकारले हासिल गरेका केही महत्वपूर्ण उपलब्धिहरु समीक्षा, अवसर र चुनौतीहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## १.२. समीक्षा

### १.२.१. विद्यमान अवस्थाको समीक्षा

## सबल पक्ष

- देवघाट क्षेत्र हिन्दुहरुको पावन पुण्य भूमि भएकोले धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने प्रचुर सम्भावना भएको ।
- स्थानीय मौलिक कला संस्कृतिको प्रवर्द्धन र विकास मार्फत जनताहरुको दिगो विकासका लागि आधार तयार गर्न सकिने सम्भावना रहेको ।
- विकासका पूर्वाधारहरुको विस्तार गरी स्थानीय जनताहरुको सार्वजनिक सेवा प्रवाहमा सहजता हुने अवस्था रहेको ।
- गाउँपालिकाको सडक संजाल विकास हुने क्रममा रहेको ।
- प्राकृतिक श्रोत साधनहरुको प्रचुर मात्रामा उपयोग गरी गाउँपालिकाको आर्थिक क्षेत्रमा अभिबृद्धि ल्याउन सकिने अवस्था रहेको ।
- भौगोलिक विविधता कृषिका लागि उपयुक्त माटो र हावापानी एबं विशाल क्षेत्र भएकोले विभिन्न कृषि पकेट क्षेत्रहरु विस्तार गर्न सकिएको ।
- नदीहरुमा रयाफ्टिङ व्यवसाय, रिसोर्टहरुको संचालन तथा साहसिक पर्यटनका लागि पर्याप्त ठाउँहरु रहेको ।

## कमजोर पक्ष

- सडक तथा यातायात पहुंचको कमी तथा चालु अवस्थाका सडक मार्ग वर्षातका कारण भत्कन गई पटक-पटक मर्मत-सम्भार गर्नु पर्ने अवस्था ।
- विकास योजनाहरु सञ्चालनको लागि एकिकृत संस्कारको विकास नहुनु ।
- भौगोलिक विकटता ।
- सामाजिक तथा आर्थिक विपन्नता ।
- आन्तरीक श्रोतको न्यूनता, श्रोत पहिचान र परिचालनमा कठिनाइ ।
- वेरोजगारी तथा अर्ध वेरोजगारी अवस्था ।

- प्राविधिक तथा मानविय संसाधनको उपयोगमा कमी ।
- विकासमा निजीक्षेत्रको न्युन सहभागिता ।
- जनसहभागिता जुटाउन कठीन ।
- यथास्थितिवादी सोच ।
- सार्वजनिक कार्यमा अपनत्व भावनाको कमी ।
- राजश्व संकलनमा बाधा व्यवधान ।

**अवसरहरु**

- कृषि तथा पशु क्षेत्रको विकास एवं व्यवसायिकरण, विविधिकरण, बजारीकरण
- तरकारी, फलफूल खेतीका लागि उपयुक्त भौगोलिक स्थिति हावापानी र माटो
- कृषि तथा पशुजन्य वस्तुहरूको व्यवसायिकरण, विविधिकरण, बजारीकरण
- अर्गानिक कृषि क्षेत्रलाई प्रबर्द्धन तथा प्राङ्गारिक मल, बिउ उत्पादन
- भौगोलिक विविधिकरण,उपलव्ध स्रोत परिचालन तथा व्यवस्थापन
- मागको आधारमा विद्युत सेवाको विस्तार
- विकासमा लागत सहभागिता, जनसहभागिता प्रवर्द्धन
- पर्यटन पूर्वाधार विकास तथा प्रर्वद्धनको उपलब्धता
- वन जंगल तथा जडीवुटीजन्य गैरकाष्ठ वन पैदावारको उपयोग
- स्थानीय कच्चा पदार्थमा आधारीत साना तथा घरेलु उद्योग विकासको राम्रो सम्भावना ।
- धार्मिक, प्राकृतिक र संस्कृतिको पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने स्थिति ।
- सहकारीताको माध्यमबाट सामाजिक तथा आर्थिक विकास गर्न सकिने सम्भावना ।
- उद्यमशिलताको प्रवर्द्धन,होम स्टेको राम्रो सम्भावना ।

- सेती, त्रिशुली र कालीगण्डकी नदीमा Rafting र Motor Boat को सम्भावना भएको ।
- छरछरे झरनामा क्नायोनिङ्ग सञ्चालन तथा व्यवस्थापनबाट आन्तरिक पर्यटन क्षेत्रमा बढवा दिन सकिने ।
- ऐतिहासिक प्याउली गढी र सिंच्याङ्ग गढी संरक्षण तथा प्रचार प्रसार ।
- शान्त वातावरण, हरियाली, नेपालको राष्ट्रिय फूल लालीगुँरास प्रशस्त पाइने, हिमाल, पहाड र तराई दृश्यावलोकन गर्न सकिने मनोरम घण्टाचुली पर्यटन क्षेत्र रहेको ।

**चुनौतीहरु**

- विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने,
- उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यम रोजगारी विस्तार गर्ने,
- कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने,
- प्रभावकारी प्रशासन संयन्त्र, वित्तीय अनुशासन तथा पारदर्शिता प्रवर्द्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने,
- पर्यटन विकासबाट प्राप्त लाभहरुलाई गाँउपालिकाका ग्रामिण क्षेत्रसम्म पुऱ्याउने,
- देवधाट पबित्रस्थलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने,
- जलवायु परिवर्तन तथा बाढीको नकरात्मक असरबाट नदीजन्य कटान हुन जोगाई देवधाटको मनोरमता कायम गरि राख्ने,
- हरित भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने
- आन्तरिक आयको दायरालाई फराकिलो बनाउने

- दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण, राष्ट्रिय, प्रादेशिक र स्थानीय समाबेशी आर्थिक, सामाजिक तथा पर्यावरणीय विकास बीच सन्तुलन कायम गरी नेपालको संविधानले लिएको परिकल्पना साकार गर्ने
- आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत तथा व्यवस्थापकीय सुदृढिकरण गर्ने लगायतका चुनौतीहरु हाम्रो सामु रहेका छन ।

## १.२.२ चालु आ.व.को नीति तथा कार्यक्रमको समीक्षा

चालु आर्थिक वर्ष २०७७/०७८ मा देवघाट गाउँपालिकाले सम्पादन गरेका महत्वपूर्ण कार्यहरु र गाउँपालिकाले क्षेत्रगत रुपमा सम्पादन गरेका महत्वपूर्ण कार्यहरुः

क) **आर्थिक क्षेत्रः** उत्पादन र उत्पादकत्व वृद्धि गर्न एक वडा एक नमूना गाउँ घोषणा गरी कार्यान्वयनमा रहेको छ र वस्तीहरुमा कृषि पकेट क्षेत्रहरु समेत घोषणा गरिएको छ ।

**१. पर्यटनः**

- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि छरछरे झरना महोत्सव २०७७ सम्पन्न गरिएको र सो क्षेत्र संरक्षणका लागि भौतिक संरचनाको निर्माण कार्य सम्पन्न भएको छ
- घण्टाचुली पर्यटन क्षेत्र विकासका लागि संघीय सरकारबाट समपुरक अन्तर्गत रु. ५ करोड विनियोजन भई सो निर्माणको लागि DPR निर्माण सहित ठेक्का प्रक्रिया अगाडि बढेको छ ।
- प्याउली गढी संरक्षणको लागि देवघाट गाउँपालिकाको पहलमा संघ सरकारबाट १५ लाख बजेट विनियोजन भएकोमा सो कार्य भईरहेको छ ।
- आन्तरिक पर्यटन प्रवर्द्धनका लागि सामुदायिक होम स्टेको प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिएको ।

## २. कृषिः

- अर्गानिक कृषि कार्यविधि, २०७७ तर्जुमा भएको ।
- एक घर एक करेसाबारी कार्यक्रम अन्तर्गत सम्पुर्ण वडामा ७/८ किसिमका तरकारी बिउ बिजर वितरण गरी कृषकको करेसामा नर्सरी व्यवस्थापन गरिएको ।
- देवघाट वडा नं. ५ को आलु पकेट क्षेत्रमा ५०% अनुदानमा आलुको विउ वितरण गरिएको ।
- IPM कृषक पाठशाला देवघाट ५ कालिमाटीमा सम्पन्न भएको छ ।
- मिति २०७७ मंसरि २५ र २६ गते कोटवैदीमा कृषि तथा पशु मेला प्रदर्शनी कार्यक्रम सम्पन्न गरिएको छ ।
- मिति २०७७ पौष ११ र १२ गते छिपछिपेमा कृषि आधारभूत पत्रकारिता तालिम सम्पन्न गरिएको छ ।
- सुन्तला पकेट कार्यक्रम (रोग किरा पहिचान, नियन्त्रण तथा मलखाद व्यवस्थापन र बगैंचा व्यवस्थापन)
- क्वारेन्टिनमा रही घरमै बसी बेरोजगार कृषकहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत देवघाट गा.पा. वडा नं. २ को कराँदिप र वडा नं. ४ को सिंच्याङ्गमा कृषि तालिम तथा सामाग्री हस्तान्तरण गरिएको छ ।
- फलफूल पकेट कार्यक्रम (रोग, किरा पहिचान नियन्त्रण तथा गड्यौंला मल व्यवस्थापन एवं बगैंचा व्यवस्थापन अन्तर्गत देवघाट गा.पा.को वडा नं. १, ४ र ५ को तल्लो भागलाई समेटेर व्यावसायिक खेती प्रणाली सम्बन्धी तालिम एवं कृषि सामाग्री वितरण गरिएको छ ।
- विषादी रहित अर्गानिक खेतीमा जोड दिईएको ।
- उन्नत वाली बिउ र फलफूल विरुवा वितरण कार्यक्रम ५ वटै वडामा सञ्चालनमा रहेको छ ।

- भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।
- ३ दिने मौरी पालन तालिम देवघाट ३ छिपछिपे भञ्ज्याङ्गमा सञ्चालन ।
- अमेरिकन फौजी किरा महामारी रोकथामको लागि तत्काल किसानहरुलाई निशुल्क विषादी उपलब्ध गराई महामारीको उच्च जोखिमलाई कम गरिएको छ ।
- माटो जाँच शिविर सञ्चालन गरिएको छ ।

३. **पशु स्वास्थ्यः**

- वडा नं. १ कोटा, वडा नं. २ खाल्टे, वडा नं. ३ साराङघाट, वडा नं. ४ गाईघाट र वडा नं. ५ देवघाटमा हिउँदे घाँस विउ वितरण गरिएको ।
- गाईभैंसी पालनका लागि वडा नं. १ कोटा र वडा नं. २ खाल्टेमा ३ दिने तालिम सम्पन्न गरिएको ।
- गाउँपालिका अन्तर्गतका प्रत्येक वडाका ५ जना उत्कृष्ठ कृषक गरी जम्मा ९५ जनालाई पुरस्कार वितरण गरिएको ।
- देवघाट १ कोटामा पशु विकास फाममा नर्सरी स्थापना गरिएको ।
- गाई भैंसी गरी जम्मा १०८१ वटा कृत्रिम गर्भाधान कार्य गरिएको ।
- गोठ/भकारो सुधार कार्यक्रम अन्तर्गत प्रत्येक वडाका १०/१० जना न्यून आय भएका कृषकहरुले प्रत्यक्ष लाभ पाएको ।
- स्थानीय जातको कुखुरा प्रबर्द्धन कार्यक्रम अन्तर्गत २००० चल्ला देवघाट गा.पा. अन्तर्गतका ८ वटै होमस्टेहरुमा वितरण गरिएको ।

- ६ वटा बाख्रा पालन पकेट क्षेत्र रहेकोमा छिपछिपे भञ्ज्याङ्गमा १ वटा बाख्रा पालन पकेट क्षेत्र घोषणा गरी ३ दिने बाख्रा पालन तालिम सम्पन्न ।
- बाख्रा पालन पकेट क्षेत्रमा २१ वटा बोयर जातको उन्नत बोका निःशुल्क वितरण गरिएको ।
- प्रत्येक बाख्रा पालन पकेट क्षेत्रमा रु. २ लाख रकम बराबरको औषधी निःशुल्क वितरण गरिएको ।
- गाईको साना व्यवसाय कृषि उत्पादन पकेट विकास कार्यक्रम देवघाट ५ मा सञ्चालन गरिएको ।
- पशु स्वास्थ्य शिविर २ स्थानमा सम्पन्न गरिएको ।
- जै घाँस तथा भूँई घाँस वितरण जारी रहेको ।

४. **उद्योग/वाणिज्यः**

- उद्यमशीलता विकास तालिम सञ्चालन गरिएको ।
- प्राकृतिक रेसाजन्य पदार्थ (थाकल) बाट निर्मित झोला, टोपी लगायतका सामाग्री बनाउने तालिम सञ्चालन गरिएको ।
- सिलाइ कटाई तालिम सञ्चालन गरिएको ।
- चुरा बनाउने तालिम सञ्चालन गरिएको ।
- मखमलमा पोते भर्ने तालिम सञ्चालन गरिएको ।
- मौरीपालन तालिम सञ्चालन गरिएको ।
- बाँसबाट निर्मित घरायसी सामाग्री निर्माण तालिम सञ्चालन गरिएको ।
- घरेलु कार्यालयसँग समन्वय गरी प्लम्बिङ्ग तालिम सञ्चालन गरिएको ।
- घरेलु कार्यालयसँग समन्वय गरी हाउस वायरिङ्ग तालिम सञ्चालन गरिएको ।
- 

**५. सहकारीः**

- सहकारिता कार्यविधि, २०७७ तर्जुमा भएको ।
- सहकारी शिक्षा तालिम सञ्चालन ।
- सहकारी लेखापालन तालिम सञ्चालन ।
- सहकारी प्रोत्साहन तथा प्रवर्द्धनका लागि दुई लाख हस्तान्तरण ।
- सहकारी संस्था दर्ता ।
- सहकारीहरुको नियमित अनुगमन गरिएको ।
- सहकारी प्रबर्द्धन र उत्पादनका लागि चक्रवर्ती सामाजिक उद्यमी महिला विकास संस्थाका लागि २ लाख अनुदान उपलब्ध गराईएको ।

**६. रोजगारको क्षेत्रः**

➢ **युवा स्वरोजगार कोषः**

- उद्योग तथा व्यवसाय दर्ता तर्फ कृषि पशु सम्बन्धी ९७ वटा, किराना पसल ५ वटा, होटल ११ वटा र अन्य ६ वटा गरी जम्मा ११९ वटा व्यवसाय दर्ता गरिएको छ ।

➢ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

- नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको तथा उक्त हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७६ जारी भईसकेको अवस्थामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल योजना मार्फत चालु आ.व. २०७७/०७८ मा यस देवघाट गाउँपालिकाकाको रोजगार सेवा केन्द्रमा ई.एम.आई.एस.मा सूचीकृत

२८३ जना मध्येवाट प्रथमिकताका आधारमा १२४ बेरोजगार ब्यक्तिहरुले विभिन्न सामुदायिक आयोजनामा औषतमा १०० दिनको रोजगारी प्राप्त गरेका छन ।

- कोविड १९ का कारण देशव्यापी लक डाउनको अवधिमा समेत देवघाट गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीका लागि संघीय सरकार तथा गाउँपालिकाको लागत साझेदारी गरी कुल रु ९४ लाख ६० हजार विनियोजन भएका कुल २६ वटा कृषि तथा सिंचाई, वन तथा जलाधार, पर्यटन प्रवर्द्धन तथा श्रममूलक सामुदायिक आयोजना मध्ये सबै योजना सम्पन्न भई भुक्तानीको प्रकृयामा रहेका छन ।
- सूचीकृत विपन्न वेरोजगार ब्यक्तिहरुलाई सामुदायिक पूर्वाधार निर्माणमा रोजगारी सिर्जना तथा दिगो पूर्वाधार निर्माण मार्फत विकास निर्माणको आवश्यकता परिपूर्ति गर्ने गरी देवघाट गाउँपालिकाले उदाहरणीय कार्य गरेको छ । खोला नदी कटान नियन्त्रणका तथा खानेपानी मुहान संरक्षणका लागि वडा नं १ वर्षाखोला, वडा नं ३ रिस्तिखोला र वडा नं ४ आईलिमखानेपानी मुहान लगाएतका स्थानमा तटबन्धन गरिएको छ । सिचाई कुलो मर्मत योजना अन्तर्गत वडा नं २ को लामोगह्रा तथा वडा नं ४ को भुवनबस्तिमा पक्कि कुलो निर्माण गरिएको छ । पर्यटकिय गन्तब्य घण्टाचुली जानका लागि देवघाट १ वर्षाखोला देखि मानहुँ, कोटथाम, पदमार्ग तथा ब्यागन देखि देवघाट-२ वडा कार्यालय जाने पदमार्ग निर्माण गरिएको छ । देवघाट-३ फिदिमश्वारा, देवघाट-४ आईलिम तथा देवघाट-२ मा जलवायु अनुकुलनका हिसाबले समेत महत्वपूर्ण मानिएको

बहुद्देश्यीय पोखरी निर्माण गरिएको छ, देवघाट-५ रातामाटे, बसन्तपुर क्षेत्रमा कुलेसो तथा नाली निर्माण गरिएको छ । छिपछिपे स्वास्थ चौकीमा पार्क निर्माण गरिएको छ ।

- “श्रमको सम्मान, देवघाट गाउँपालिकाको अभियान” कार्यक्रम सञ्चालन गरिएको छ । रोजगार सेवा केन्द्रको स्तरउन्नति, प्राविधिक सहायक (सब-ईन्जिनियर) नियुक्ति गरिएको छ। रोजगार कार्यक्रमका अलवा गाउँपालिकाका अन्य प्राविधिक कार्यहरुमा समेत सहयोग पुगेको छ ।
- देवघाट गाउँपालिको प्रधानमन्त्री रोजगार कार्यक्रम सामाजिक सुरक्षामा आधारित न्यूनतम रोजगारी, सीप विकास मार्फत स्वरोजगार उन्मुख समृद्ध गाउँपालिका निर्माणको दिशामा अघि बढेको छ ।

**ख) सामाजिक क्षेत्रः**

**१. शिक्षाः**

- विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलानको कार्यलाई सम्पन्न गरिएको ।
- सामुदायिक माध्यमिक विद्यालयमा ईन्टरनेट सहित विज्ञान प्रयोगशाला, ICT कक्षा र पुस्तकालयको व्यवस्थापन गरिएको ।
- विद्यार्थीको सर्वाङ्गिण विकासको लागि तहगत रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको ।
- भौगोलिक अवस्था र विद्यार्थी संख्याका आधारमा चेतना बालविकास केन्द्रलाई चेतना आधारभूत विद्यालयको अनुमति दिई सञ्चालन गरिएको ।
- सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीको लागि दिवा खाजा कार्यक्रम लागू

गरिएको साथै सम्पुर्ण विद्यालयमा दिवा खाजाका लागि भाँडावर्तन वितरण गरिएको ।

- पूर्वप्राथमिक कक्षा व्यवस्थापन साथै सहयोगी कार्यकर्ता (स.का.) लाई क्षमता विकास तालिम सम्पन्न गरिएको ।
- सामुदायिक विद्यालयका ६-१२ सम्मका छात्रालाई निशुल्क सेनेटरी प्याड वितरणलाई निरन्तरता दिईएको ।
- शैक्षिक गुणस्तरमा सुधार ल्याउन विद्यालय अनुगमन र निरीक्षण कार्यलाई जोड दिइएको ।
- कोभिड-१९ को समयमा पनि विद्यालयको शैक्षिक अस्थालाई विकास गर्न वैकल्पिक विधिबाट शिक्षण सिकाई क्रियाकलाप गरिएको साथै सुरक्षात्मक सामाग्री वितरण गरिएको ।
- गरिब र विपन्न समुदायका छात्र-छात्रलाई विभिन्न शिर्षकमा छात्रवृत्ति वितरण साथै न्यानो कपडा वितरण गरिएको ।
- शैक्षिक सत्र २०७७ को सम्पुर्ण विद्यार्थी मूल्यांकन कार्य सम्पन्न भई नयाँ शैक्षिक सत्र २०७८ को सुरुवात भएको ।
- NEGRP बाट प्राप्त शैक्षिक सामाग्री विद्यालयमा वितरण गरिएको ।
- विद्यालय अनुगमन तथा निरीक्षण सम्पन्न ।
- देवघाट ४ काफलडाँडामा श्री राष्ट्रिय आ.वि.लाई आवश्यक डेस्क बेन्च र कुर्ची उपलब्ध गराइएको छ ।
- शहीद दिवसको अवसरमा विज्ञान प्रयोगशाला प्रतियोगिता सम्पन्न भएको छ ।
- दाताहरुको आर्थिक सहयोगमा दुर्गम तथा पिछडिएको विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरिएको ।

२. **स्वास्थ्यः**

- देवघाट गाउँपालिका अन्तर्गतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको स्वास्थ्य शाखामा मासिक रुपमा रिपोर्ट संकलन

र बैठक हुने हुनाले स्वास्थ्य संस्था अनुसारको समस्याहरुको पहिचानमा सहज भएको,

- सबै स्वास्थ्य संस्थाबाट अनलाईन रिपोटिङ DHIS-2 को तालिम नलिएको र ईन्टरनेटको पहुँच नभएको अवस्थामा शाखाका कर्मचारीले तालिम प्राप्त गरेकाले सम्पूर्ण स्वास्थ्य संस्थाको मासिक रुपमा अनलाईन रिपोर्टिङ भएको,
- देवघाट गा.पा.को घरधुरी सर्वेक्षण गरि कुनै पनि बालबालिका खोपबाट बञ्चित नभएकोले सम्पूर्ण वडाहरु पूर्णखोप वडा घोषणा भएको ।
- अर्धबार्षिक रुपमा भिटामीन ए र जुकाको औषधिका साथ साथै नियमित वृद्धि अनुगमले बालबालिकाको पोषण स्थितिमा सुधार आएको,
- स्वास्थ्य संस्थाबाट टाढा रहेको बस्तिहरुमा सेवाको पहूँच पुऱ्याउन आवश्यकता अनुसार गाउँघर क्लिनिक,खोप क्लिनिक थप गरि संचालन गरेको हुनाले कुनै पनि जनसमुदाय स्वास्थ्य सेवा बाट बञ्चित नभएको,
- देवघाट गा.पा.को दुर्गम मानिने वडाहरु २ र ३ नम्बर (बैदि, छिपछिपे) मा लामो अवधिको परिवार नियोजनको साधन ईम्प्लान्ट, IUCD क्याम्प संचालन गरि जनसमुदायलाई परिवार नियोजन सेवा सहजरुपमा उपलब्ध गराएको ।
- नयाँ क्षय तथा कुष्ठ रोगी पत्ता लगाई उपचारको दायरामा ल्याईएको,
- बिगत बर्षहरु भन्दा संस्थागत सुत्केरी, गर्भजाँच र सुत्केरी जाँचको संख्या ससर्त र वित्तिय समानिकरण तर्फको यातायात खर्च र प्रोत्साहन भत्ताको उपलब्धताले उल्लेखनिय रुपमा संख्यामा बृद्दि भएको ।
- देवघाट स्वास्थ्य चौकीमा औषधिद्वारा सुरक्षित गर्भपतन सुविधा भएकाले अनावाश्यक गर्भ नराख्नको लागि सुरक्षित गर्भपतन सेवा समेत जनसमुदायमा उपलब्ध गराएको ।

- स्वास्थ्य विमा कार्यक्रमले बिरामीको आर्थिक भार कम गराउनुका साथसाथै अस्पतालको सेवा समेत पाएका,
- स्वास्थ्य शिक्षा कार्यक्रम देवघाट गा.पा.को सम्पूर्ण वडाका आमा समुहहरुको आनिबानी ब्यवहार परिवर्तन संबन्धि कार्यक्रम सम्पन्न भएको ।
- स्थानिय तहबाट स्वास्थ्यलाई सन्तोषजनक बजेट विनियोजन भएको कारणले औषधि, उपकरण औजारहरु पर्याप्त भएको साथै कर्मचारी व्यवस्थापन, कार्यक्रम संचालन आदीमा सहजता भएको,
- म.स्वा.से.हरुको रिफ्रेसर तालिम लगाएत अन्य तालिम र अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको ।
- जनसमुदायहरुमा पोषण सम्बन्धी सन्देशमूलक सूचनाहरु रेडियो देवघाटद्वारा प्रसारण गरिएको ।
- धर्मार्थ अस्पतालमा रहेको ल्यावमा आधुनिक मेशिनद्वारा सेवा दिई ल्याब सेवा बिस्तार गरिएको ।
- देवघाट आश्रममा बसोबास गर्ने वृद्ध वृद्वाहरुलाई कोभिड खोपको दोस्रो मात्राको खोपको सेसन सम्पन्न भएको ।
- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण ब्यवस्थापनमा यस गण्डकी प्रदेशको तनहूँ जिल्लाको देवघाट गाउँपालिका प्रथम स्थान हासिल गरेको ।
- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण ब्यवस्थापनको लागि ५ नम्बर वडाको सभाहललाई Covid Hospital र छिपछिपे स्वास्थ्य चौकी र सिङ्याङ स्वास्थ्य चौकीलाई अक्सिजन सहितको जम्मा ८ वेडको Isolations कक्ष निर्माण गरेको ।
- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण ब्यवस्थापनको लागि आवश्यकता अनुसार PCR,Antigen test गरिएको।
- कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण ब्यवस्थापनको लागि देवघाटको नाकाहरुमा स्वयं सेवक,जनप्रतिनिधि,नेपाल

प्रहरी, नगर प्रहरी र स्वास्थ्य कर्मिहरुको उपस्थितिमा हेल्थ डेक्स निर्माण तथा संचालन गरेको ।

- Home Isolation मा रहेका ब्यक्तिहरुलाई हौसला प्रदान गर्न जनप्रतिनिधि, स्वास्थ्य कर्मि र सुरक्षा निकायका ब्यक्तिहरु मिली सम्बन्धीत ब्यक्तिको घर गई घरदैलो कार्यक्रम सम्पन्न गरेको ।
- देवघाट गाउँपालिकाको सम्पूर्ण वडाहरुका समुदायका माग र आवश्यकता हेरी समस्या पहिचान गरी त्यसै अनुसार विशेषज्ञ सहितको स्वास्थ्य शिविर संञ्चालन सम्पन्न भएको ।
- सबै स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सुबिधा उपलब्ध भएको ।
- विश्व स्वास्थ्य दिवसको सुखद उपलक्ष्यमा २०७७ साल चैत्र २५ गते सामुदायिक वन र विभिन्न दाताहरुको सहकार्यमा विद्यालय दिवा खाजाको लागि आवश्यक भाँडा वर्तनको व्यवस्था गरिएको ।

**३. लक्षित वर्ग कार्यक्रमः**

- लैङ्गिक हिंसा न्यूनिकरण विषयक अभिमुखिकरण तालिम सम्पन्न ।
- अन्तराष्ट्रिय नारी दिवस कार्यक्रम विविध कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको ।
- वातावरण मैत्री, बालमैत्री, महिलामैत्री, अपांगमैत्री जस्ता कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ ।
- बाल दिवसको अवसरमा बालविवाह न्यूनिकरण, बालश्रम न्यूनिकरण र लैङ्गिक हिंसा न्यूनिकरण र खुल्ला बौद्धिक परीक्षण प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको छ ।

**४. खेलकुदः**

- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेल सम्पन्न भएको छ ।
- शहीद सप्ताह कार्यक्रममा अन्तर सामुदायिक वन फुटबल प्रतियोगिता सम्पन्न भएको छ ।
- संघ र गा.पा.को सहकार्यमा देवघाट १ कोटामा भव्य रुपमा खेल ग्राम निर्माणाधिन रहेको छ ।
- प्रदेश सरकार र गा.पा.को सहकार्यमा देवघाट-५ भर्जनखोलामा फुटबल मैदान निर्माणाधीन रहेको छ ।
- देवघाट ५ घिनाटारमा मधु कभर्ड हलको निर्माण प्रक्रिया अगाडि बढेको छ ।
- महिला जोडी दौड प्रतियोगिता देवघाट गा.पा.को आफ्नै मौलिक खेल भएको हुँदा अन्तराष्ट्रिय महिला दिवसको दिन भव्य रुपले खेल सञ्चालन भएको ।

**ग) पूर्वाधार क्षेत्रः**

- देवघाट गाउँपालिकाको पहलमा सिन्च्याङ्ग सार्वाङ्ग साराङघाट मोटर मार्गको संघीय सरकारबाट समपुरक अनुदान अन्तर्गत रु. १ करोड ९८ लाख रकम विनियोजन भएको छ ।
- देवघाट स्वास्थ्य चौकीको स्तर वृद्दि भई १० बेडको आधारभूत अस्पताल निर्माण कार्य शुरु भएको छ ।
- देवघाट गाउँपालिकाको गौरवको योजना देवघाट-साउने-कर्तप-फोस्रेपानी नयाँ ट्र्याक यस आ.व. मा प्रदेश र गा.पा.को सहकार्यमा गाईघाट सिंच्याङ्ग छिपछिपे सानुभञ्ज्याङ्ग मोटर मार्गको खण्डमा जोडिने कार्य अन्तिम चरणमा पुगेको ।
- गाउँपालिकामा सडक गुरु योजना बनाउने क्रममा रहेको छ ।
- गाउँपालिका कार्यालयका लागि भौतिक साधनहरुको व्यवस्थापन गरिएको छ ।

- सबै वडाहरुमा रहेको सडकहरुलाई मर्मत सम्भार गरिएको छ ।
- प्रदेश सशर्त १ करोड बजेटबाट गाईघाट सिंच्याङ्ग छिपछिपे सानुभञ्ज्याङ्ग सडक अन्तर्गत गाईघाटदेखि सिंच्याङ्ग सम्मको सडक स्तरोन्नतिको कार्य भएको छ ।
- वडा नं. २ र ४ को वडा कार्यालय भवन निर्माण सम्पन्न भई हस्तान्तरण प्रक्रियामा रहेको छ ।
- गाउँपालिकाको सिटी हल निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको छ ।
- देवघाट ५ क्यूदीमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अगाडि बढिरहेको छ ।
- देवघाट - २ खाल्टे, देवघाट - ३ दगरा, छिपछिपे भञ्ज्याङ्ग, देवघाट - ५ देवपुर र देवघाट - ४ आमडाँडामा सामुदायिक भवन निर्माण सम्पन्न भएको छ ।
- देवघाट १ कोटा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भई हस्तान्तरण प्रक्रियामा रहेको छ ।
- देवघाट १ छरछरे झरनामा पिकनिक स्थल निर्माण कार्य सम्पन्न भएको छ ।
- देवघाट - १ कोटामा छिमेकी आमा समुह भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- देवघाट १ मा वृहत कालिकाटार खानेपानी तथा सरसफाई योजना सम्पन्न भई सञ्चालनमा आएको छ ।
- विद्युतको राष्ट्रिय प्रसारणको पहुँच नपुगेका वडाहरुमा विद्युत पुऱ्याउने कार्य भईरहेको छ ।

**घ) वातावरण तथा विपद व्यवस्थापनः**

- गाउँपालिकाभित्र आपतकालीन विपद सामग्रीहरु उपलब्ध गराउन विपद सामाग्रीहरु मौज्दातमा राखिएको तथा आवश्यकतानुसार वितरण गरिएको ।
- विश्वव्यापी रुपमा फैलिएको नयाँ प्रजातीको कोरोना भाइरस (कोभिड-१९) को महामारीको रोकथाम, नियन्त्रण तथा सो बाट उत्पन्न प्रभावलाई न्यूनिकरण गर्न यस गाउँपालिकाबाट गरिएको मुख्य-मुख्य कार्यहरुः
    - ➢ गाउँपालिका स्तरीय कोरोना न्यूनिकरण तथा नियन्त्रण समिति मार्फत वैठक बसी कोरोना व्यवस्थापन सम्बन्धी विविध व्यवस्थापकीय कार्य गरिएको ।
    - ➢ वडा नं. ५ क्यूँदी स्थित देवघाट गाउँपालिकाको सभाहल (सिटी हल), वडा नं. ३ छिपछिपे स्वास्थ्य चौकी र वडा नं. ४ सिंच्याङ्ग स्वास्थ्य चौकीमा कोभिड आइसोलेसन निर्माण गरी सञ्चालनमा ल्याइएको ।
    - ➢ आवश्यक सामग्री व्यवस्थापन गरिएको ।
    - ➢ कृषि कार्य र विकास निर्माण कार्यलाई निरन्तरता दिइएको ।
    - ➢ अत्यावश्यक सेवा प्रवाह निरन्तरता दिइएको ।
    - ➢ आपूर्ति सहज बनाईएको ।
    - ➢ हप्ताको हरेक आईतबार कोभिड-१९ को पिसिआर चेकजाँच एवं एन्टीजेन चेकजाँच गरिएको ।
    - ➢ देवघाट धर्मार्थ अस्पतालबाट २४ सै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराइएको ।
- कोभिड-१९ को महामारीको नियन्त्रण, रोकथाम तथा उपचारको क्रममा भएका प्रगती विवरणः

  क) राहत कोषमा जम्मा भएको रकम रु. ५,६७,८,०००.००

- ❖ पालिकाबाट जम्मा गरिएको रकमः रु. ३४,७८,०००.००
- ❖ प्रदेश सरकारबाट रु. ५,००,०००.०० (खर्चको आधारमा प्राप्त हुने)
- ❖ अन्य संघ संस्था र दाताहरुवाट जम्मा गरिएको कूल रकम रु. १७,००,०००.००

ख) राहत कोषबाट खर्च भएको रकम रु. ३१,४४,१५०.००

ग) जिन्सी सहयोग प्राप्त विवरणः

- ❖ अक्सिजन कन्सन्ट्रेटरः - २ थान
- ❖ ईन्फ्रारेड गनः - १५ थान
- ❖ स्यानीटाईजरः - २० थान (१०० एमएल)
- ❖ सार्जिकल मास्कः - ३५ प्याकेट
- ❖ पि.पि.ई. सेटः - २० सेट

घ) एन्टीजेन टेष्ट गरिएको संख्याः ११ जना

ङ) PCR टेष्ट गरिएको संख्याः १८४ जना

**ङ) खानेपानी तथा सरसफाईः**

- युनिसेफसँग सम्झौता ।
- डस्टविन खरिद तथा वितरण ।
- सरसफाई स्वयंसेवक नियुक्ति ।
- फोहोर संकलन नियमित रुपमा भईरहेको ।
- नियमित सरसफाईमा जोड दिई निरन्तर रुपमा फोहोर संकलन र व्यवस्थापन गरिएको ।
- गाउँपालिकाको पहलमा संघीय सरकारबाट विशेष अनुदानतर्फ देवघाट वडा नं. ५ को लागि कुवादी खोला वृहत खानेपानी योजनाको लागि रु. २ करोड ४९ लाख रकम विनियोजन भएकोछ ।

**च) संघ संस्थाः**

- लागत साझेदारी कार्यविधि, २०७७ तर्जुमा भएको ।
- एकिकृत सामाजिक परिचालन कार्यविधि, २०७७ तर्जुमा भएको ।
- गैसस समन्वय अन्तर्गत समिक्षा कार्यक्रम सञ्चालन गरिएको ।
- टोल विकास संस्था नविकरण शिविर सञ्चालन गरिएको ।
- २ वटा स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गरिएको ।
- अर्गानिक कृषि कार्यक्रम सञ्चालनका लागि MRC संस्थासँग सम्झौता गरी कार्यान्वयनमा ल्याइएको ।
- हेफर ईन्टरनेशनल नेपालसँग कृषि, पशु स्वास्थ्य तथा अन्य कार्यक्रमहरु सञ्चालनका लागि सम्झौता गरी सञ्चालनमा ल्याइएको ।
- संघसंस्था दर्ता/नविकरण सञ्चालनमा रहिरहेको ।

**छ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

- विधिको शासनमा आधारित पारदर्शी, जवाफदेही, परिणामुखी र नागरिकमैत्री शासन व्यवस्था कायम गर्न महत्वपूर्ण कानून निर्माण गरिएको छ । गाउँपालिकाको कामकारवाहीलाई व्यवस्थित गर्न आवश्यक ऐन, नियमावली, कार्यविधि र निर्देशिका बनाई लागू गरिएको छ ।
- गाउँकार्यपालिकाको कार्यालयमा CC Camera, विद्युतीय नागरिक वडापत्र (Digital Citizen Charter) विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ । वडा कार्यालयहरुमा इन्टरनेटसहितको व्यवस्थापन गरी सेवा प्रवाह गर्ने कार्य भैरहेको छ ।

- कर्मचारी क्षमता अभिवृद्धिका लागि देवघाट गाउँपालिकामा कार्यरत नवप्रवेशी प्राविधिक कर्मचारी तालिम, वडा सचिव पुनर्ताजगी तालिम, सेवाकालिन तालिम, कर्मचारी क्षमता अभिवृद्धि तालिमहरु सम्पन्न भएका छन ।
- देवघाट गा.पा. अन्तर्गतका विभिन्न वडामा बसोबास गरेका नागरिकहरु विभिन्न रोगबाट ग्रसित भई उपचार गराउन आर्थिक अभाव भएका ७ जना व्यक्तिहरुलाई राहत स्वरुप उपचार खर्च प्रदान गरिएको छ ।
- देवघाट गाउँपालिका वडा नं. १, २ र ३ मा बसोबास गरेका नागरिकका घरमा आगलागी भई पूर्ण रुपमा नष्ट भएका ६ जना नागरिकलाई राहत उपलब्ध गराईएको छ ।
- वडा नं. ३ र ५ मा बसोबास गरेका व्यक्तिको घरमा छानो हावाहुरीले उडाएको हुँदा छाना छाउनका लागि आर्थिक सहायता उपलब्ध गराइएको छ ।
- गाउँपालिकाको गत आ.व. २०७६/०७७ मा सम्पन्न गरेका कार्य प्रगतिको आधारमा चालु आ.व. २०७७/०७८ मा गरिएको स्थानीय तह संस्थागत स्वमूल्यांकनमा ६०.५% प्राप्त गरेको छ ।
- देवघाट गाउँपालिकाको सभाहल (सिटी हल) राष्ट्रिय सभाका माननीय अध्यक्षज्यूबाट समुद्घाटन सम्पन्न भएको छ ।
- देवघाट गाउँपालिका वडा नं. ५ स्थित देवघाट स्वास्थ्य चौकी स्तरवृद्धि गरी देवघाट आधारभूत अस्पताल (१० वेड) भवन निर्माणको शीलान्यास तथा आवश्यक प्रक्रिया पूरा गरी निर्माण कार्य सञ्चालन ।
- शहीद दिवसको सुखद उपलक्ष्यमा २०७७ माघ १० देखि १७ गते सम्म शहीद परिवारलाई सम्मान गर्दै शहीद सप्ताह दिवस मनाईएको छ ।

- आयोजना सूचना पाटी बनाईएको छ ।
- जनप्रतिनिधी तथा राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च राख्न उत्कृष्ठ काम गर्ने २ जना जनप्रतिनिधि र ३ जना राष्ट्रसेवक कर्मचारीलाई पुरस्कृत गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणालीमार्फत वितरणको व्यवस्था गरिएको छ र घटना दर्ता कार्य सम्पुर्ण वडामा अनलाइनमार्फत व्यवस्थित गरिएको छ ।
- आयोजना कार्यान्वयन गर्दा पेश्की शून्यको नीति लिई कामका आधारमा भुक्तानी प्रणाली अवलम्बन गरी खर्च प्रणालीलाई पारदर्शी वनाउने प्रयास गरिएको छ ।
- सुशासन प्रवर्द्धनका लागि सूचना अधिकारी, सूचना प्रवाह तथा सूचना संप्रेषण, सुझाव पेटिका, गुनासो सुन्ने अधिकारी तोकिनुका साथै गुनासो मूल्यांकन फछ्र्यौट, नागरिक वडापत्र तथा र नागरिक सहायता कक्ष (Help Desk) को व्यवस्था रहेको छ ।
- आयोजनाको भुक्तानी गर्दा सार्वजनिक लेखापरीक्षण, उपभोक्ता समितिमा समावेशिता, लागत अनुमान अनुसारको कार्य मूल्यांकन एवं कार्य सम्पन्न प्रतिवेदनलाई मुख्य आधार वनाइएको छ ।
- सेवाग्राहीले सजिलै कर्मचारी चिनेर काममा सहजता होस भनेर सबै कर्मचारीहरु पोशाक र परिचय-पत्रमा कार्यालयमा उपस्थित हुनु पर्ने व्यवस्था गरिएको छ ।

## आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

### २.१. सोच (Vision):

"**हाम्रो देवघाट, समृद्ध देवघाट**" भन्ने मूल नारालाई सफल पार्न रोजगारी सृजना तथा दीगो विकास कार्यक्रमको लक्ष्य सहित गरिबी न्यूनिकरणका लागि सबै पक्षहरुबाट आ-आफ्नो जिम्मेवारी, भूमिका र कर्तव्य निर्वाह गरी समृद्ध देवघाट गाउँपालिका निर्माण गर्ने ।

**लक्ष्य (Goal):**

प्राकृतिक श्रोत साधन र मानवीय पूँजि परिचालन गरी आर्थिक सामाजिक पूर्वाधार र सांस्कृतिक क्षेत्रको विकास गरी जनताको आयस्तर वृद्धि गर्ने ।

**उद्धेश्यहरु (Objective):**

- कोभिड-१९ जस्ता विपद तथा महामारीको बारेमा जनचेतना/सचेतना तथा एकिकृत कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कोभिड-१९ लगायत सबै प्रकारका महामारी र विपदबाट नागरिक जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजिक विकासलाई निरन्तरता दिने ।
- सिंहदरबारको अधिकार घर-घरमा भन्नुको तात्पर्य हाम्रा सरकारी सेवाहरु सबैको घर आँगनमा पुग्नु नै हो भन्ने तथ्यलाई मनन गर्दै जनप्रतिनिधि र कर्मचारीको संयुक्त प्रयासमा जनतासँग सीधा सम्पर्क तथा गाउँपालिकाका सेवाहरु जनताको घर आँगनमा जस्ता सेवामैत्री कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आय आर्जनका अवसर, रोजगारी तथा गरिबी निवारणको अवस्थामा सुधार ल्याउन कृषि तथा पशुपालन, सहकारी, श्रम प्रधान सार्वजनिक निर्माण, आयोजना तथा स्वरोजगार कार्यक्रमहरुमा जोड दिने ।
- आर्थिक विकास तर्फ कृषि विकास एवं व्यावसायिक कृषि प्रणालीलाई उच्च प्राथमिकता दिई उद्योग धन्दा एवं कल-कारखानाहरु, आन्तरिक तथा वाह्य पर्यटन सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरु अगाडि वढाउनुका साथै सहकारी एवं वित्तिय क्षेत्रहरुलाई यसतर्फ आकर्षित गरी

गाउँपालिकावासीको आयस्तरमा वृद्धि हुने प्रकृतिका कार्यक्रमहरु संचालन गर्ने ।

- सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता आधारभूत विषयलाई उच्च प्राथमिकतामा राख्दै हाम्रो लोक संस्कृति साहित्य एवं परम्परालाई जर्गेर्ना गर्नुका साथै युवा वर्गलाई उद्यमशीलता, खेलकुद एवं मनोरञ्जनतर्फ आकर्षित गरी विकासको मूल प्रवाहमा ल्याइने छ भने गाउँपालिकाका सवै गतिविधिहरुमा लैंगिक तथा सामाजिक समावेशीकरणलाई आधार मानी प्राथमिकताका साथ कार्यक्रमहरु संञ्चालन गर्ने ।
- विगतका वर्षहरु र चालु वर्षमा अधुरा रहेका योजना तथा कार्यक्रमहरुलाई पूरा गर्न उच्च प्राथमिकता दिने ।
- दिगो भौतिक पूर्वाधार विकासलाई प्राथमिकता दिई भवन निर्माण तथा शहरी विकास सम्बन्धी मापदण्डको मर्म अनुरुप सु-व्यवस्थित बस्ती विकासमा जोड दिने ।
- वातावरण संरक्षण तथा विपद व्यवस्थापनलाई योजनाबद्ध रुपमा अगाडि बढाउने ।
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन अन्तर्गत कार्यालयको नियमित कार्यहरु व्यक्तिगत घटना दर्ता गर्ने कार्य, कार्यालयको अभिलेख व्यवस्थापन गर्ने कार्य, विविध क्षेत्रगत तथ्यांक संकलन गर्ने कार्य सूचना प्रविधिको प्रयोग एवं प्रवर्द्धन गर्ने जस्ता दैनिक सेवा प्रवाहसँग जोडिएका कार्यहरुलाई सहज, सुलभ, पारदर्शी र सवैको पहुँचमा रहने गरी सुधार गर्दै त्यसलाई संस्थागत गराउँदै लगिने छ भने गाउँको सुरक्षा व्यवस्था र अन्य विविध अनुसन्धान एवं विकासका सम्भावनाहरुलाई सम्बन्धित पक्षहरुसँग समन्वय गरी अगाडि बढाइने ।
- DPR (विस्तृत योजना प्रतिवेदन) भएका योजनाहरुलाई प्राथमिकता दिई १ वर्षमा पूरा हुन नसके बहुवर्षीय योजनाको रुपमा बजेट योजनालाई

निरन्तरता दिने र प्रदेश र संघीय सरकारको सहयोगमा योजना पुरा गर्ने ।

- गाउँपालिका गौरवका योजनाहरुलाई प्रदेश, संघ तथा अन्य निकायसँग समन्वय, सहकार्य र साझेदारीमा क्रमशः सम्पन्न गर्दै लगिनेछ ।

## २.२. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः

### २.२.१. समग्र नीति तथा आधारहरुः

- कोभिड-१९ को प्रभाव आँकलन र तत्कालिक आवश्यकता पहिचान,
- समाबेशी आर्थिक तथा सामाजिक विकास र गरीवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादन मूलक र छिटो प्रतिफल दिने ठूला आयोजनाहरुको हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने,
- आन्तरिक आय बढाउने र राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने,
- लैंगिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशील बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।
- टोल तथा वडावासीहरुले माग गरी पठाउनु भएका सबै योजनाहरु यस गरीमामय सभाबाट पास गरी विभिन्न निकायमा पठाइने छ र उक्त आयोजनाहरुको लेखाजोखा, बिस्तृत सम्भाव्यता अध्ययन पश्चात प्राथमिकीकरण गरी गाउँपालिकाको आयोजना बैंकमा राखिनेछ ।

### २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

**क) राजश्व तथा आर्थिक प्रशासनः**

**राजश्वः**

- राजश्व संकलनलाई थप प्रभावकारी र व्यवस्थित बनाउन राजश्व इकाई गठन गरी आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।
- राजश्व तर्फ गत आ.व. मा लिइदै आएको विभिन्न शीर्षक अनुसारको दस्तुरहरु राजश्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस चालु आ.व.का लागि पारित भएका सबै कर, दस्तुर, सेवा शुल्क संकलन लाई जोड दिइनेछ ।
- आन्तरिक राजश्व श्रोतलाई बृद्धि गर्न गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, ब्यापार ब्यवसायलाई दर्ता गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।
- देवघाट गाउँपालिकाको भवन निर्माण तथा जग्गा विकास सम्बन्धी मापदण्ड, २०७६ अनुसार देवघाट गाउँपालिका क्षेत्रमा निर्माण गरिने भवन निर्माणको नक्सा पास गरी राजश्व संकलन गर्ने कार्य अगाडि बढाइनेछ ।
- सामुदायिक वनबाट निकासी हुने काठको वातावरण शुल्क लगाई राजश्व संकलनमा प्रभावकारिता बढाइनेछ ।
- स्थानीय उत्पादन (सुन्तला, कागती, अदुवा, बेसार आदि) बिक्री तथा व्यवस्थापनको लागि टेण्डर माध्यमबाट राजश्व संकलनलाई व्यवस्थापन गरिनेछ ।
- अन्य सम्भावित श्रोतहरुको खोजी गरी गाउँपालिकाको आन्तरिक श्रोतमा बृद्धि गरिनेछ।
- सूचना प्रबिधि, करदाता शिक्षा, आर्थिक प्रशासनको संयन्त्रको संस्थागत क्षमतामा वृद्धि गरी राजश्व संकलनलाइ पारदर्शी, मितव्ययी, छिटो छरितो र नागरिक मैत्री बनाइनेछ ।

**ख) आर्थिक क्षेत्रः**

**उद्यम, रोजगारी र गरीबि निवारणः**

- महामारीबाट प्रभावित दैनिक ज्यालादारी गर्ने मजदुर र विपन्न व्यक्तिलाई लकडाउनको अवधिमा रोजगारी राहत उपलब्ध गराइनेछ ।
- अल्पसंख्यक, अती गरीव, एकल महिला र पिछडावर्गहरुको लगत संकलन गरी र गरिबी निवारणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाई रोजगारी सिर्जनालाई प्राथमिकतामा राखी **“श्रमको सम्मान, देवघाट गाउँपालिकाको अभियान”** कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ। साथै रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिन रोजगारी प्रत्याभूत गरिनेछ र कामका लागि पारिश्रमिक मार्फत गरिबी न्यूनीकरण र सामाजिक संरक्षणमा योगदान गर्ने नीति अवलम्बन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार नीति तथा कार्यक्रमलाई निरन्तरता र थप प्रभावकारी बनाइनेछ ।
- नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रुपमा समावेश गरेको र उक्त हकको कार्यान्वयन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भएको तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको अवस्थामा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखी श्रमको सम्मान देवघाट गाउँपालिकाको अभियान कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- देवघाट गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई आगामी आ.व. मा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूत गरिनेछ । बैदेशिक रोजगारमा रहेका युवाहरुलाई आकर्षित गर्न संघीय तथा प्रदेश सरकारका कार्यक्रमसँग तालमेल गरी सीपमूलक अनुदान प्राप्त गरी व्यवसाय

संचालन गर्ने प्रोत्साहन गरिनेछ भने न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यवसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गरिनेछ ।

- देवघाट गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये प्राथमिकताको आधारमा दलित, महिला, जनआन्दोलन तथा सशस्त्र संघर्षका शहीद, द्वन्द पिडित तथा घाइते परिवार र अपाङ्गता भएका व्यक्तिका लागि सरोकारवाला संघ संस्थासँगको सहकार्यमा रोजगार तथा सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- कामका लागि पारिश्रमिक मार्फत गरीवी न्यूनीकरण र सामाजिक संरक्षणमा योगदान नीति अवलम्बन गरिनेछ ।
- लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना उद्यमीको स्तरोन्नति र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि समूहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

**कृषि तथा पशु पंक्षी विकासः**

१. कोभिड-१९ को संक्रमण र बन्दाबन्दीले आर्थिक मन्दीको अवस्थामा सुधार ल्याउन कृषि तथा पशुपंक्षीको क्षेत्रको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

२. “कृषिका लागि सिंचाई” कार्यक्रम सञ्चालन गरी सुख्खा एवं बाँझो जग्गामा कृषिलाई प्रोत्साहन गरी कृषि उत्पादन र उत्पादकत्व बढाइनेछ ।

३. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन गरिनेछ।

४. आगामी आ.व. मा कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ ।

५. कृषि जमिन बाँझो रहन नदिने विगत वर्षको नीतिलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

६. तत्कालै उत्पादन नदिने जस्तै फलफूलहरुको लगि प्राविधिक, सहयोग, मल, बीउ, भिटामिन, तालिमको व्यवस्था गरिनेछ।

७. एक वडा एक नमूना गाउँ कार्यक्रम सञ्चालन गरिनेछ ।

८. आवश्यकता अनुसार पशु स्वास्थ्य शिविर र माटो जाँच शिविर सञ्चालन गरिनेछ ।

९. चालु आर्थिक वर्षको बाख्रा पालन पकेट क्षेत्रलाई प्रभावकारी बनाई सम्भाव्यताको आधारमा थप बाख्रा पालन पकेट क्षेत्र बनाइनेछ । गाउँपालिकालाई बाख्रा पकेट क्षेत्रमय बनाइनेछ ।

१०. कृषिलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न एक गाउँ एक उत्पादन तथा कृषि पकेट क्षेत्रको विकास गर्ने नीति लिइने छ ।

११. अर्गानिक तरकारी तथा फलफूल पकेट क्षेत्र बनाईनेछ साथै अन्न बालीको उत्पादनको वृद्धिलाई पनि जोड दिइनेछ ।

१२. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषि नीति तथा योजना र आवश्यकता अनुसार कार्यविधि तर्जुमा गरिनेछ ।

१३. गरिब तथा बिपन्न किसानहरूका लागि उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।

१४. कृषि सहकारी मार्फत सामुहिक खेती, प्रांगारिक खाद्य उत्पादन, करेसाबारी प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

१५. कृषि, पशु, जस्ता कार्यक्रमहरु पोषण, सरसफाई, सुधारिएको जिबिकोपार्जन आदिसँग आबद्ध गरी स्थानीय गरिबी निवारण, स्वस्थ प्रवर्द्धनसँग जोडिनेछ ।

१६. व्यवसायिक कृषकहरु नियमित वैठक, भेला, समिक्षा गरिनेछ ।

१७. हाल भइरहेको फलफूलको साना विरुवाहरुको लागि प्रवर्द्धनात्मक कार्यक्रमहरु ल्याइनेछ ।

१८. हानिकारक कीटनाशक औषधीको अत्याधिक प्रयोग गरी कृषि उत्पादन गरिने वर्तमान प्रवृतिलाई निरुत्साहित गरी यसका लागि समूहमा अर्गानिक खेति गर्ने किसान समूह, सहकारीलाई जैविक मल बनाउने तालिम, विउमा अनुदान एवं अर्गानिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरी चालु आ.व. को नीतिलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ ।

१९. कृषिका लागि सिंचाई कार्यक्रम सञ्चालन गरी नहर एवं कुलोहरुको मर्मत सम्भार गर्ने, सोलार सिंचाई तथा थप कृषि सिंचाई योजना तथा कार्यक्रमलाई बजेट व्यवस्था गरिनेछ ।

२०. पिपलटार, कालिमाटी, दरैडाँडा त्रिशुली नदीबाट लिफ्टिङ्ग सिंचाई योजनाको DPR निर्माण गरि सिंचाई योजनालाई प्रक्रिया अगाडी बढाइनेछ ।

२१. वडागत रुपमा कृषि प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

२२. "हाम्रो देवघाट, समृद्ध देवघाट" नारालाई सफल बनाउन Heifer International Nepal र गाउँपालिकाको आर्थिक सहयोग र समृद्धि नेपालको आयोजनामा कृषि तथा पशु उद्यमशिलता विकास परियोजना" कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

२३. देवघाट - १ कोटा र देवघाट - ५ वसपार्क छेउमा कृषि तथा पशु हाट-बजारलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ।

२४. किसानको लागत मूल्य प्राप्तिको सुनिश्चितताको लागि बाली तथा पशुपंक्षी बीमामा सहजीकरण गर्दै अभियानको रुपमा अगाडि बढाइनेछ ।

२५. कृषि क्षेत्रको उत्पादन लागत कम गर्ने अन्य उपाय तथा प्रविधिको अध्ययन गरी सोही अनुसार सहयोग गरिनेछ ।

२६. एकिकृत कृषि विकास कार्यक्रम" अन्तर्गत सिंचाई, मल, बीऊ, किटनाशक औषधी पूँजी, प्रविधि, उत्पादित वस्तुको भण्डारण र प्रशोधन र बजारलाई सँगसँगै अगाडि बढाउन अध्ययन, अनुसन्धान, सहयोग र समन्वय गरिनेछ ।

२७. सक्रिय कृषक समूह र learning on the field नीति लिइनेछ ।

२८. पशुपंक्षी अनुसन्धान केन्द्र देवघाट - १ कोटा र कृषि अनुसन्धान केन्द्र कोटवैदी देवघाट - २ लाई निरन्तर सञ्चालन गरिनेछ ।

२९. उत्पादन अत्याधिक वृद्धि गर्नको लागि मलखाद व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

३०. पायक पर्ने स्थानमा व्यवसायिक कृषकहरुको उत्पादनमा स्वस्थ प्रतिस्पर्धाको लागि कृषि, मेला/महोत्सव/प्रतियोगिताहरु सञ्चालन गरिनेछ।

३१. खाडल खन्ने र मल राख्ने काम गर्ने कृषकलाई सुन्तला लगायतका फलफूलका विरुवा निःशुल्क उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

३२. प्रदेशसँग समन्वय गरी कृषि वाली तथा पशुपंक्षीको वीमामा अनुदान उपलब्ध गराइनेछ ।

३३. २०७८ मंसिर अन्तिम हप्तामा देवघाट - २ कोटवैदीमा कृषि मेला सञ्चालन कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

३४. देवघाट - १ कोटा पशु विकास फाममा प्राङ्गारीक खेती भान्सा नै औषधालय नमूना कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. कृषक दर्ता गरी कृषक परिचय पत्र वितरण गरिनेछ ।

**पर्यटन तर्फः**

१) पर्यटन गुरुयोजनालाई दातृ निकाय र प्रदेश र केन्द्र सरकार र निजी व्यवसायको साझेदारीमा कार्यान्वयन गरिनेछ ।

२) देवघाट-५ लाई धार्मिक ग्राम र अन्य वडाहरुलाई सांस्कृतिक ग्रामको रुपमा प्रचार प्रसार गरिनेछ।

३) धार्मिक स्थल भएका पालिकाहरुसँग धार्मिक भगिनी सम्बन्ध विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४) यस गाउँपालिकालाई पर्यटकीय, हरित क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य लिइएको छ ।

५) पर्यटकीय संभावना बोकेको आश्रमहरु, धामहरु तथा धार्मिक क्षेत्रहरुमा दृश्याबलोकन गर्न महोत्सव, मेला आयोजना गर्ने तथा सम्भावित क्षेत्रहरुमा भ्यूटावर, भ्यू प्वाईन्ट, सामुदायिक वनहरुलाई पर्यटन प्रवर्द्धन, होमस्टे र पिकनिक स्पटका लागि बिभिन्न कार्यक्रम मार्फत सञ्चालन गरिनेछ ।

६) व्यवसायिक एवं रोजगार मूलक पर्यटन ब्यवसायमा जोड दिइनेछ ।

७) नदीको किनारमा मोटरबोट सञ्चालन तथा आरामदायी रिर्सोट तथा अन्य सृजनात्मक कार्य गर्नका लागि आवश्यक लगानी भित्र्याइनेछ ।

८) देवघाट गाउँपालिका अन्तर्गतका वडाहरुमा व्यवस्थित होम-स्टे सञ्चालनका लागि आमा समुहहरुलाई सशक्तीकरण तथा सबै जात जातिको सांस्कृतिक पहिचान झल्किने गरी प्रवर्द्धनका कार्य गरिनेछ ।

९) पर्यटन सर्किटको थप सुधार, मर्मत, सम्भार, संरक्षण तथा प्रचार प्रसार गरिनेछ ।

१०) देवघाट-५ वेणीसंगममा पालिका स्तरीय धार्मिक पर्यटन मेला गराईनेछ ।

११) अत्यन्तै रमणीय स्थल घण्टाचुलीलाई टेण्डर प्रक्रियाबाट पर्यटन पूर्वाधारको विकास गरिनेछ ।

१२) छरछरे झरनालाई सामुदायिक वन, प्रदेश सरकार र गा.पा.को संयुक्त लगानीमा पर्यटन विकास गरिनेछ ।

**पर्यटन सर्किटः**

देवघाट वडा नं. ५ धार्मिक स्थलबाट प्रस्थान गरी देवघाट - १ गा.पा. स्तरीय रंगशाला अवलोकन, गोपीटार होम स्टे, छरछरे झरना, देवघाट - २ कराँदिप होम स्टे, खाल्टे पार्क, कमलदेवी मन्दिर हुँदै कृषि अनुसन्धान केन्द्र, कोटवैदी होम स्टे, देवघाट - ३ छिपछिपे भङ्याङ सामुदायिक होम स्टे, देवघाट १ घण्टाचुली हुँदै देवघाट - ४ कर्ताप संग्रहालय, सोलीघोप्टे भिर, प्याउली गढी, काफलडाँडा होम स्टे सिंच्याङ्गगढी हुँदै गाईघाट अन्तिम बिन्दुको देवघाट गा.पा.को पर्यटन सर्किटलाई निरन्तरता दिई प्रचार प्रसार गरिनेछ ।

**सहकारीः**

- कृषि सहकारीलाई जोड दिइनेछ र कृषि सहकारीको माध्यमबाट उत्पादनमा जोड दिने र रोजगारी वृद्धि गर्ने नीति लिईनेछ ।सहकारी कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ ।
- एक क्षेत्र एक कृषि सहकारीलाई प्रवर्द्धन गरी व्यवसायिक खेती र बजारीकरणलाई जोड दिइनेछ ।
- सहकारी सुशासनमा जोड दिन क्षमता विकास, तालिम लगायत अनुगमनमा जोड दिइनेछ ।

**उद्योग/वाणिज्यः**

- रोजगारी मूलक कृषि उद्योगलाई जोड दिइनेछ ।
- वाणिज्य व्यवसायलाई मर्यादित र व्यवस्थित गरिनेछ ।
- सरकारी, निजि क्षेत्र, सहकारी तथा गैर सरकारीसँग सहकार्य गरी विभिन्न उद्योगहरु तथा लघु उद्यम सञ्चालनमा जोड गरिनेछ।
- सबै प्रकारका व्यवसाय दर्तालाई व्यवस्थित गरिनेछ ।

**ग) सामाजिक विकासः**

**शिक्षाः**

- कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण अवरुद्ध भएको शैक्षिक क्रियाकलापहरुलाई नियमित सरसफाई, हात धुने व्यवस्था, तापक्रम नाप्ने आदि सुरक्षित हिसाबले निरन्तरता दिइनेछ ।
- एक वडा एक मातृ विद्यालय (Mother School) लाई निरन्तरता दिइनेछ ।
- भुकम्प तथा अन्य जोखिम रहित विद्यालयको भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ ।
- सूचना प्रविधिमा आधारित पाठ्य सामाग्री विकासको लागि अध्ययन गरी उपयुक्त हुने प्रविधिको विकास गरिनेछ ।
- विद्यालयमा स्वास्थ्यमूलक सचेतना सामाग्री पुऱ्याइनेछ ।
- प्रत्येक विद्यालयमा अभिभावक शिक्षा सम्बन्धी अभिमुखिकरण तालिम दिने, अनिवार्य अतिरिक्त कृयाकलाप, प्रत्येक महिनाको अन्तिम दिन समिक्षा वैठक गर्ने, सुझाव पेटिका अनिवार्य राख्ने, विद्यालयमा अनिवार्य रुपमा गुनासो तथा सूचना अधिकारीको व्यवस्था गर्दै जाने गत वर्ष लिईएको नीतिलाई निरन्तरता दिईनेछ ।
- जेहेन्दार तथा गरीब विद्यार्थीहरुका लागि विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी विद्यार्थीहरुलाई पोशाक र छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- सम्पूर्ण मा.वि. तहमा अनिवार्य Science Lab, Library, Computer Class हुनु पर्ने र कक्षा ६, ७ र ८ मा आवश्यकता अनुसार राखिने नीतिलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक विद्यालयलाई ई-नमूना आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- कालिका मा.वि. देवघाट - ५ लाई व्यवसायिक शिक्षा सञ्चालनका लागि अध्ययन अनुदानको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा विद्यालय क्षेत्र सुरक्षित गर्ने, क्यान्टिनको व्यवस्था गर्ने, जङ्कफुड सुर्तिजन्य तथा मदिरा निषेध गर्ने व्यवस्था गरिनेछ ।

- विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्ने नीति लिइनेछ ।
- SEE उत्तीर्ण अल्पसंख्यक र दलित समुदायका जेहेन्दार एउटा छात्र र एउटा छात्रा गरी २ जनालाई गाउँपालिकाबाट प्राविधिक विषयमा १८ महिने निशुल्क शिक्षा दिने व्यवस्थालाई निरन्तरता गरिनेछ ।
- विद्यालयहरु वाल विवाह न्यूनीकरण, दुर्व्यसनी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालयलाई छात्रामैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, वालमैत्री बनाउने क्रियाकलाप संचालन गर्ने नीति लिइनेछ ।
- सबै विद्यालयमा अनिवार्य रुपमा सफा खानेपानी तथा महिला, बालबालिकाका तथा भिन्न क्षमता भएकाहरुका लागि उपयुक्त हुने गरी पानी सहितको पक्कि शौचालयको व्यवस्था र महिला शौचालयमा अनिवार्य रुपमा निशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।
- वाल विकास केन्द्रलाई सुधार गर्न उचित व्यवस्थापन गरिनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइनेछ ।
- गाउँपालिका स्तरीय शिक्षा समिति तथा वडा शिक्षा समितिबाट र वडा जनप्रतिनिधिबाट तथा विद्यालय व्यवस्थापन समितिबाट निरन्तर अनुगमनको व्यवस्था गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, विज्ञान प्रयोगशाला, खेलकुद जस्ता विषयमा सहयोग पुऱ्याइनेछ ।
- विद्यालयमा खेलकुद, संगित, नृत्य, साहित्य, चित्रकला, कम्प्युटर आदि कक्षा सञ्चालनका लागि सहजिकरण गरिनेछ ।
- गाउँपालिकाभित्रको SEE परीक्षामा उत्कृष्ठ अंक ल्याउने १ छात्र र १ छात्रालाई थप सम्मान, मेडल र नगद पुरस्कार दिइनेछ भने संस्कृत गुरुकुलमका विद्यार्थीहरुलाई छुट्टै सम्मान पत्रको व्यवस्था गरिनेछ ।
- सम्पूर्ण विद्यार्थीहरुलाई आई डि कार्डको व्यवस्था गरिनेछ ।

- प्रत्येक मा.वि.हरुमा SEE उत्तिर्ण गर्ने विद्यार्थीहरुको लागि A+ ग्रेड ल्याउने विद्यार्थीहरुलाई सम्मान-पत्र, मेडल र नगद पुरस्कार तथा A ग्रेड ल्याउने विद्यार्थीहरुलाई सम्मान-पत्र मात्र प्रदान गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालय तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिनेछ ।
- एकल जातिय बसोबास भएका गा.पा. भित्रका स्थानहरुमा रहेका विद्यालयहरुको कम्तिमा कक्षा १-३ मा मातृभाषाको पाठ्यक्रममा अध्ययन अध्यापन गर्न व्यवस्था मिलाईनेछ ।
- प्रत्येक विद्यालयहरुमा चर्चित साहित्यकार, राष्ट्रिय व्यक्तित्वहरुद्वारा समय समयमा विद्यार्थीहरुलाई प्रवचन दिन आवश्यक व्यवस्था मिलाइनेछ ।
- शैक्षिक सत्रको शुरुवातमा शिक्षकहरुलाई रिफ्रेसमेन्ट तालिमको लागि व्यवस्थापन गरिनेछ ।
- विद्यालयका शिक्षकहरुलाई आन्तरिक मूल्यांकन गरी उत्कृष्ट शिक्षकलाई प्रोत्साहन स्वरुप सम्मानको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयद्वारा कम्तिमा महिनाको एक पटक विद्यार्थी र अभिभावकबीच भेटघाट तथा छलफलको व्यवस्था गरिनेछ ।

**स्वास्थ्य तर्फः**

- कोभिड-१९ को विश्वव्यापी संक्रमणले सिर्जना गरेको जनस्वास्थ्यको चुनौतीलाई व्यवस्थापन गर्न सक्ने क्षमताको विकास गरिनेछ ।
- कोरोना भाइरस (कोभिड-१९) को महामारी नियन्त्रण, रोकथाम तथा उपचारलाई प्रभावकारी बनाउन विदेशबाट आउने सबैलाई क्वारेन्टाइनमा राखिनेछ । क्वारेन्टाइनलाई थप व्यवस्थित बनाईनेछ भने क्वारेन्टाइनमा राख्नुपर्ने संख्या वृद्धि हुँदै गएमा थप क्वारेन्टाइनको निर्माण गरिनेछ ।

- कोभिड-१९ को निशुल्क परीक्षण तथा उपचार गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राखिनेछ ।
- कोभिड-१९ को महामारी तथा यस पछि पनि आउन सक्ने अन्य महामारी विरुद्ध लड्न स्वास्थ्य संस्थाहरुलाई सुदृढ गरिनेछ र महामारीबाट नागरिकको रक्षा गर्न सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।
- अस्पताल तथा  स्वास्थ्य संस्थाहरुमा औषधी, स्वास्थ्य सामाग्री तथा व्यक्तिगत सुरक्षा सामाग्री सहित उपकरणको उचित व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवा सर्वसुलभ र गुणस्तरीय बनाउन गाउँपालिका स्वास्थ्य नीति, कानून र मापदण्ड तर्जुमा गरिनेछ ।
- देवघाट स्वास्थ्य चौकीको स्तरवृद्धि गरी १० शैयाको अस्पताल बनाउनको लागि नेपाल सरकारबाट स्वीकृति भई टेण्डर प्रक्रिया मार्फत काम शुरु भईसकेको छ । आगामी आ.व. मा अस्पताल स्वास्थ्य सेवा प्रवाहका लागि अस्पतालको सुदृढीकरण गरी श्रोत साधन सम्पन्न बनाइनेछ ।
- स्वास्थ्य कार्यक्रम तर्फ प्राथमिक स्वास्थ्य सेवा  कार्यक्रम क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, मातृ तथा नवशिशु कार्यक्रम, एकिकृत वाल स्वास्थ्य एवं पोषण कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम, अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र कार्यक्रम, उपचारात्मक सेवा कार्यक्रम सञ्चालन गरिनेछ।
- क्यान्सर, मुटु, मृगौला आदिको उपचारको लागि विपन्न गरीब बिरामीलाई आर्थिक सहायता दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- सर्ने/नसर्ने रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागि एकिकृत जनस्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

- आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- आवश्यकता अनुसार विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी स्वास्थ्य कार्यक्रम तथा शिविर संचालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहित गरी उचित परिचालन गरिनेछ ।
- सामुदायिक वनसँगको सहकार्यमा पूर्ण स्वास्थ्य विमा अनिवार्य गराउने र आर्थिक रुपमा विपन्न वर्गलाई गा.पा. तर्फबाट विमा शुल्क तिर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नागरिकहरुको उपचारको लागि विभिन्न अस्पताल र अन्य संघ संस्थासँग समन्वय गरिनेछ ।
- सुनौलो हजार दिन कार्यक्रमको प्रचार प्रसार गर्ने र २० वर्ष पछि मात्र बच्चा जन्माउने मान्यताको अभिमुखिकरण गराइने नीतिलाई निरन्तरता दिइनेछ ।
- गर्भवती महिलाको पति, सासु, ससुराको लागि गर्भवती महिलाको स्वास्थ्य सम्बन्धी जानकारी दिने र प्रत्येक महिनाको १ पटक गर्भवती महिला स्वास्थ्य चौकी आएर स्वास्थ्य परीक्षण गराउँदा १००/- रुपैंया खाजा खर्च दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ र गर्भवती महिलाको घरमा नेपालको झण्डाको व्यवस्था गरिनेछ ।
- देवघाट ३ छिपछिपे स्वास्थ्य चौकीलाई नमूना स्वास्थ्य चौकी बनाइनेछ ।
- देवघाट-५ क्षेत्र विकास समितिको सभाहलमा नियमित योग/ध्यान शिविर सञ्चालन गरिनेछ।
- HIV AIDS, डेंगु, पाठेघर खस्ने जस्ता समस्याको सम्बन्धमा सेवामूलक कार्यक्रम ल्याइनेछ ।

- आमा सुरक्षा कार्यक्रमलाई सेवामूलक रुपमा अगाडि वढाइनेछ ।
- ५ वर्षमुनिका वच्चाहरुलाई पूर्ण खोप कार्यक्रम व्यवस्थापन गरिनेछ ।
- क्षयरोग तथा कुष्ठरोगका विरामीहरु पहिचान गरी कार्यक्रममा सहभागी गराइनेछ ।
- भैपरि आउने महामारीको व्यवस्थापन सम्बन्धी (झाडापखाला, टाइफाइड आदि) कार्यक्रम सञ्चालन गरिनेछ ।
- परिवार नियोजन सम्बन्धी अस्थायी तथा स्थायी साधनका वारेमा कार्यक्रम संचालन गरिनेछ ।
- परिवार नियोजन सम्बन्धी पुरुष स्थायी वन्ध्याकरण क्याम्प आवश्यकता अनुसार संचालन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुका लागि आवश्यकता अनुसार तालिम गोष्ठी संचालन गरिनेछ ।
- २४ घण्टा प्रसुती गृहलाई सुविधा सम्पन्न बनाइनेछ ।
- देवघाट - २ खाल्टे, र देवघाट - ५ बगन्डीमा सामुदायिक स्वास्थ्य इकाईलाई प्रभावकारी बनाइनेछ ।
- पालिकाभित्र संचालन हुने सबै सरकारी तथा निजी अस्पतालहरु ३६५ दिनै खुला राखिने व्यवस्था गरिनेछ ।
- पोषण र सन्तुलित भोजन (Balance Diet) र विभिन्न प्रकारका सरुवा रोगहरुबाट बच्ने उपायहरुको बारेमा व्यापक प्रचार गरिनेछ ।
- नागरिक आरोग्य सेवा केन्द्र देवघाटलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- आवश्यकता भएमा सबै वडाको सार्वजनिक भवनमा क्वारेन्टिनको व्यवस्था गरिनेछ ।

- दातृ निकायहरुसँगको सहयोग तथा समन्वयमा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याइनेछ ।
- देवघाट गाउँपालिका र विश्वनाथ सुशिला धर्मशालाको सहकार्यमा हाल देवघाट गाउँपालिका सञ्चालन भईरहेको भवनमा निकट भविष्यमा आँखा अस्पताल सञ्चालन गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फः**

- बैंकिङ्ग प्रणाली मार्फत सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई सरल र सहज रुपले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन बैंकसँग आवश्यक समन्वय गरिनेछ ।
- सबै वडाहरुमा Online व्यक्तिगत घटना दर्ता कार्य सुदृढीकरण गरिनेछ ।

**पूर्ण सरसफाई तथा फोहरमैला व्यवस्थापनः**

- आ.व. २०७६/०७७ भित्र पूर्ण सरसफाई घोषणा गर्ने गरी पूर्ण सरसफाईका विभिन्न कार्यक्रमहरु संचालन गर्ने गत वर्षको नीति अनुसार गाउँपालिकाको ५ वटै वडा पूर्ण सरसफाई उन्मुख वडा घोषणा भईसकेकोमा कोभिड-१९ को महामारी र त्यसलाई नियन्त्रण तथा रोकथाम गर्न भएको लकडाउनका कारण यस आ.व. मा घोषणा हुन नसकेकोले आगामी आ.व. भित्र घोषणा गरिनेछ ।
- व्यक्तिगत, घरायसी, तथा वातावरणीय सरसफाईमा थप जोड दिदै पूर्ण सरसफाई उन्मुख गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- फोहरमैला व्यवस्थापन क्षमता विकास गरी महामारी न्यूनीकरणको निम्ति सहयोग पुग्ने गरी कार्य गरिनेछ ।
- देवघाट - ५ को लागि चक्रवर्ती सामुदायिक वनमा ल्याण्ड फिल्डको व्यवस्थापन गरिएकोले चक्रवर्ती सामुदायिक वन प्रवर्द्धनको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- देवघाट - १ मा ल्याण्ड फिल्डको व्यवस्था गरिनेछ ।

**खानेपानीः**

- साबुन पानीले हात धुने अभियानलाई निरन्तरता दिइनेछ ।
- खानेपानी तथा सरसफाईको आपूर्तिमा सहजता ल्याई जनस्वास्थ्य अवस्थामा सुधार ल्याइनेछ ।
- प्रदेश सरकार, केन्द्र सरकार, युनिसेफ लगायत अन्य दातृ निकाय र उपभोक्ता समितिको सहलगानीमा सबै खानेपानी योजनाहरूमा सुरक्षित खानेपानीको योजना (Water Safety Plan) लागू गरिनेछ ।
- खानेपानी योजना सञ्चालन गर्न सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- खानेपानी उपभोक्ता समितिको संस्थागत क्षमता विकास र चेतनामूलक कार्यक्रममा जोड दिइनेछ ।
- "एक घर एक धारा" सुरक्षित खानेपानी हाम्रो अभियानलाई प्राथमिकता दिइनेछ ।

**लक्षित वर्ग तर्फः**

- विपन्न तथा आर्थिक, सामाजिक रुपमा पछाडि परेका वर्गहरुलाई गाउँपालिका स्तरीय सञ्जाल, वडा स्तरीय सञ्जाल गठन गरिएको छ, जसको सहकार्यमा आर्थिक, सामाजिक विकासका कार्यक्रम कार्यान्वयनमा ल्याइने नीतिलाई निरन्तरना दिइनेछ ।
- संघ र प्रदेशसँग समन्वय गरी गरिव परिचय पत्र वितरण गरिनेछ ।

**आदिवासी जनजाति दलित र अल्पसंख्यक तर्फः**

१) रोजगार कार्यक्रम मार्फत आदिवासी जनजाति वर्गहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न सशक्तिकरण कार्यक्रम र आय आर्जनका लागि विभिन्न सिपमूलक कार्यक्रम, संस्कृति संरक्षणका कार्यक्रमहरु ल्याइनेछ ।

२) दलित, आदिवासी जनजाती, अल्पसंख्यक जातिहरु पछाडि पर्नुको प्रमुख कारण मदिरा नै भएकोले मदिरा व्यवस्थापन कार्यक्रमलाई एकीकृत रुपमा प्रभावकारी ढंगले निरन्तरता दिइनेछ ।

३) आदिवासी जनजाति, दलित, पिछडिएको वर्ग एवं महिलाहरुलाई सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरीने छ ।

४) देवघाट - ४ कर्तापमा जनजाति संग्रहालयको प्रक्रिया अघी बढाउन प्रदेश सरकारसँग पहल गरिनेछ ।

**महिला तथा वालवालिका तर्फः**

१) गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सञ्चालन गरिनेछ।

२) नेपाल सरकारले संचालन ल्याएको प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) सँग समन्वय गरी लैंगिक समानता, महिला हिंसा नियन्त्रण तथा न्यूनिकरण एवं सामाजिक समाबेशीकरणसँग सम्बन्धित कार्यक्रम संचालन गर्न जोड दिइनेछ ।

३) विभिन्न संघ संस्थाको सहकार्यमा तथा रोजगारी कार्यक्रम मार्फत महिलाहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न सशक्तिकरण कार्यक्रम र आय आर्जनका लागि विभिन्न सीपमूलक कार्यक्रम ल्याइनेछ र महिला उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

४) आदिवासी जनजाति, दलित, पिछडिएको वर्ग एवं महिलाहरुलाई सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।

५) नेपाल सरकार मार्फत जारी भएको बालमैत्री स्थानीय शासन कार्यविधी अनुरुप बालमैत्री वडा घोषणा, बालमैत्री गाउँपालिका निर्माणमा यूनिसेफ

नेपाल लगायतका दातृ निकाय र सहयोगी संस्थाहरुसँग समन्वय र छलफल गरी कार्यक्रमहरु संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

६) सार्वजनिक स्थानमा बालबालिकाको लागि बालउद्यानको निर्माण गरी बालबालिकाहरुलाई मनोरञ्जन स्थलको विकास गर्न आवश्यक अध्ययन एवं पहल गरिनेछ ।

७) सुनौलो १००० दिन कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

८) महिला उद्यमी भेला सञ्चालन गरी समिति गठन तथा आवश्यक सहजिकरण गरिनेछ ।

**अपाङ्ग वर्ग तर्फः**

१) अपाङ्गता भएका व्यक्तिहरुको दिगो आयआर्जनमा टेवा पुग्ने खालका कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।

२) अपाङ्गता परिचय पत्र वितरण कार्यलाई भरपर्दो र विश्वसनीय बनाइनेछ ।

३) सार्वजनिक भवन तथा भौतिक विकासमा अपाङ्गमैत्री पूर्वाधारलाई महत्व दिइनेछ ।

४) व्यवसाय गरेका अपाङ्गहरुलाई सहुलियत ऋणको व्यवस्था गरिनेछ ।

५) उपचार हुने अपाङ्गहरुलाई स्वास्थ्य संस्थासँग समन्वय गरी उपचारको प्रबन्ध गरिनेछ ।

६) छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

७) आर्थिक अवस्था कमजोर, अति अशक्तलाई सामाजिक सुरक्षाको कार्यक्रम ल्याइनेछ ।

**जेष्ठ नागरिक कार्यक्रम तर्फः**

१) ६० बर्ष पुगेका दलित जेष्ठ नागरिक तथा ७० बर्ष पुगेका अन्य जेष्ठ नागरिकको बिवरण अद्यावधिक गरी सहज तरिकाले समयमा नै सामाजिक सुरक्षा भत्ता बितरण गरिनेछ।

२) जेष्ठ नागरिकको लागि सार्बजनीक स्थानमा बस्नको लागि बिश्राम स्थल निर्माण तथा मर्मतको ब्यवस्था गरीनुका साथै उक्त स्थानहरूमा आवश्यक अन्य सुबिधा र समय समयमा स्वास्थ जाच गराउने व्यवस्था गरिनेछ ।

३) गाउँपालिका क्षेत्र भित्र रहेको जेष्ठ नागरिकहरुलाई विभिन्न निकायसँग सहकार्य गरी बिशेष कार्यक्रम मार्फत सम्मान गरिनेछ।

४) ज्येष्ठ नागरिकहरुका लागि ज्येष्ठ नागरिक परिचय-पत्रको व्यवस्था गरिएकोमा त्यसलाई अझ प्रभावकारी बनाईनेछ ।

**भूमि सम्बन्धी समस्या समाधान तर्फः**

१) यस भूमिहीन दलित, भूमिहीन सुकुम्वासीहरुको तथ्यांक अद्यावधिक गरी सम्बन्धित आयोगमा यथाशीघ्र पठाइनेछ ।

२) संघ र प्रदेश सरकार भूमि सम्बन्धी समस्या समाधान आयोगको नीति कार्यक्रम बमोजिम आवश्यक समन्वय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थीत बसोबासीलाई जग्गाधनी प्रमाण पूर्जा वितरण अघि बढाइनेछ ।

**सामाजिक सुधार, सार्वजनिक स्थल र चाडपर्वः**

- समाजमा सदाचार, शीष्टाचार, नैतिक मूल्य र मान्यतालाई प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य र सभ्य संस्कृतिको विकास गरी सामाजिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गरिनेछ ।

- सामाजिक, सांस्कृतिक तथा सेवा मूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने सामुदायिक विकास गरिनेछ ।
- सामाजिक परम्परा अनुसार गरीदै आएको लामो भोज भतेरलाई १ दिन कायम गर्ने गराउने नीतिलाई निरन्तरता गरिनेछ ।
- भड्किलो र अनुत्पादक खर्च बढी हुने गरी मनाइने चाडपर्वलाई सरल, मितव्ययी र परम्परागत रुपमा अवलम्बन गरीदै आएको संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने तिर उन्मुख बनाइनेछ ।
- मृत्यु भएका घरपरिवारलाई समवेदनाको लागि जनप्रतिनिधिहरुबाट समवेदना पत्रको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- समाजमा कुलत दुर्व्यसनी बढिरहेकोले मदिरा नियन्त्रण कार्यक्रम सञ्चालन गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ र प्रहरी, सामुदायिक प्रहरीको समन्वयमा काम गरिनेछ ।
- सबै तहमा समुदायिक प्रहरी साझेदारी कार्यक्रम गठन गरी प्रभावकारी बनाइनेछ ।
- मदिरा निषेधित क्षेत्र घोषणा गर्नुको साथै मदिरा नियन्त्रणको लागि मदिरा व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

**भाषा/संस्कृति संरक्षणः**

भाषा संस्कृति संरक्षणको लागि विभिन्न रचनात्मक कार्यक्रम गरिनेछ र देवघाट ४ कर्तापमा जनजाती संग्राहालय निर्माण गरिनेछ, भाषा संरक्षणका लागि भाषा आयोगसँग समन्वय गरिनेछ ।

**यूवा / खेलकुद तर्फः**

१) गाउँपालिकामा खेलकुदको संस्थागत विकास गर्न आवश्यक कानूनको तर्जुमा गरिनेछ ।

२) युवाहरुसँग समन्वय गरी विभिन्न खेलकुद एवं खेलकुदसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

३) देवघाट - १ कोटालाई गाउँपालिका स्तरीय खेलग्रामको रुपमा निरन्तरता दिइनेछ । अन्य वडामा खेलमैदान निर्माण कार्यलाई निरन्तरता गरिनेछ ।

४) गाउँपालिकाका यूवा शक्तिहरुलाई आफ्नै भूमिमा बसी योगदान गर्न सक्ने वातावरण तयार गर्न विभिन्न व्यवसाय, रोजगारी सृजना गर्ने तालिम, शिक्षा लगायतका कार्यक्रम विभिन्न स्तरमा अघि वढाईने गत वर्ष लिईएको नीतिलाई निरन्तरता दिईनेछ ।

५) सामाजिक विकृतिमा फसेका युवाशक्तिहरुलाई लागू औषध दुर्व्यसनी न्यूनीकरण कार्यक्रम लागू गरिनेछ ।

६) देवघाट - २ खाल्टे र देवघाट - ५ भर्जनखोलामा वडा स्तरीय खेल मैदान निर्माण गर्न प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

७) युवा स्वउद्यमी कार्यक्रमतर्फ सिप, युवा स्वरोजगार उद्योग विकास कोष स्थापना गरी उद्यम विकास कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रमलाई आगामी वर्ष थप प्रभावकारी बनाइनेछ र युवाहरुलाई सहुलियत ऋणको व्यवस्था गरिएको छ, यसलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ ।

८) देवघाट - ५ घिनाटारमा मधु कवर्ड हल निर्माण कार्यलाई निरन्तरता गरिनेछ।

९) एक टोल एक खेल मैदानको व्यवस्था गरिनेछ ।

**गैसस तथा अन्य संघसंस्थाहरु तर्फः**

१) विकासको साझेदारको रुपमा निजी क्षेत्र तथा गैरसरकारी संघसंस्थाहरुलाई समन्वयात्मक रुपमा कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ । साथै उपयुक्त कार्यक्रममा गाउँपालिकाबाट लागत साझेदारी हुनेछ ।

२) कुनै पनि गैससले गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु भन्दा पहिले नै गाउँकार्यपालिका वाट अनुमति लिनुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

३) अन्य संघ संस्थाहरुवाट प्राप्त प्रस्तावित कार्ययोजना तथा कार्यक्रमहरुलाई आवश्यकता भए बमोजिम समन्वयात्मक रुपमा अगाडि वढाइनेछ ।

४) संघ संस्था दर्ता नियमावली तर्जुमा भएकोले सोही अनुसार दर्ता गरिनेछ ।

५) गैरसरकारी संघ-संस्थाको उचित परिचालन गर्न कार्यविधि तर्जुमा गरिनेछ ।

६) गा.पा.भित्रका शिक्षक, पूर्वशिक्षक, कर्मचारी, बुद्धिजिवी तथा लब्धप्रतिष्ठित व्यक्तिहरुको संलग्नता रहने गरी एक "देवघाट गाउँपालिका प्रज्ञा प्रतिष्ठान" गठन गर्ने, सो मार्फत प्राप्त सुझावहरु नीति, कार्यक्रममा समावेश गरिनेछ ।

**टोल विकास संस्थाः**

१) सामाजिक, आर्थिक, भौतिक पूर्वाधारको क्षेत्रमा टोल विकास संस्थाको उचित परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२) जनचेतना वृद्धि, व्यक्तिगत व्यवहार तथा आनीबानीको परिवर्तन र सरसफाइको क्षेत्रमा टोल विकास संस्थालाई परिचालन गरिनेछ ।

## घ) पूर्वाधार क्षेत्रः

### १) पूर्वाधार तर्फः

- सडक निर्माण मापदण्ड बनाई गुणस्तरीय र हरियाली र All Weather सडक निर्माणमा जोड दिइनेछ ।
- शालिग्राम कोरिडोर मार्गलाई गौरवशाली मार्गको रुपमा आत्मसात गरी प्रदेश सरकारलाई उक्त मार्ग स्तरोन्नति गर्न माग गरिनेछ ।

साथै बञ्चरे पहाडको ट्र्याक सुधार एवं स्तरोन्नति आगामी वर्ष गरिदिन प्रदेश सरकार र केन्द्रसँग अनुरोध गरिनेछ ।

- पालिका भित्रका सबै सडकको प्राथमिकीकरण गरी स्तरोन्नति एवं स्तरवृद्धि गर्दै लगिनेछ ।
- भौतिक पूर्वाधारका महत्वपूर्ण ठूला योजनाहरु (भवन, खानेपानी, ढल, सडक, पुल, तटवन्ध जस्ता) सञ्चालनका लागि प्रदेश सरकार, केन्द्र सरकार र दातृ निकायहरुलाई यस्ता योजना कार्यान्वयन गर्न सबै पक्षबाट आ-आफ्नो ठाँउबाट सहयोग पुऱ्याउन र पारदर्शिता र तोकिएको समयमा तोकिएको गुणस्तर कायम गरी कार्य पुरा गर्न नागरिक अनुगमन गर्न आव्हान गरिनेछ ।
- सार्वजनिक जग्गा संरक्षण तर्फ साविक गा.वि.स.बाट भएका विभिन्न प्रयास एवं उपलब्धिहरुलाई सार्वजनिक सम्पत्तिको संरक्षण सम्बन्धमा कार्यक्रम समावेश गरीने छ । वडा कार्यालयबाट सार्वजनिक जग्गा, बाटो संरक्षण गर्ने लगत राख्ने कार्य गरिनेछ ।
- विगतमा निर्माण गरिएका सबै कच्ची सडकहरुलाई बाह्रै महिना चल्ने गरी स्तरवृद्धि गरिनेछ ।
- फोस्रेपानी देवघाट सडक गाउँपालिकाको गौरवको योजनामा राखि खोलिएको ट्र्याकलाई पूरा गर्नका लागि आवश्यक पहल गरिनेछ । साथै सिंच्याङ्ग-सार्वाङ्ग सडकलाई क्रमश पुरा गर्दै लगिनेछ र आवश्यक बजेटको लागि संघीय सरकारसँग पहल गरिनेछ ।
- शुरु भएको अधुरो ट्र्याक पूरा गर्ने बाहेक आगामी आ.व. मा नयाँ ट्र्याक खोल्ने काम गरिनेछैन ।
- देवघाट - ५ क्यूदीमा निर्माण कार्य भईरहेकोले प्रशासकीय भवन निर्माण गर्ने निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको मूख्य प्रवेशद्वार वडा नं. ५ दासढुङ्गामा प्रवेश गेट निर्माण प्रक्रियाको थालनी गरिनेछ ।

- गाउँपालिका क्षेत्र भित्र रहेको सबै सार्वजनिक, सामुदायिक भवनहरुलाई तथा विद्यालय मर्ज भई खाली भएका भवनहरुलाई अभिलेख राखिने छ र सबैलाई गाउँपालिकाको सम्पत्ति मानी सार्वजनिक भवनहरुलाई मर्मत सम्भार गरी छाना तथा रङ्गमा एकरुपता कायम गरी चालु अवस्थामा ल्याइनेछ र सार्वजनिक उपयोगमा ल्याइनेछ ।
- देवघाट गाउँपालिका वडा नं. ५ धार्मिक क्षेत्रको सम्पूर्ण घरहरुमा रङ्गमा एकरुपता कायम गर्ने नीति ल्याइनेछ ।
- वडाहरुमा रहेका आमा समुह, बाल क्लव, युवा क्लव, सामुदायिक वन वा अन्य कुनै संघ संस्थाका भवनहरुलाई सामुदायिक भवनका रुपमा नामाकरण गरी सार्वजनिक उपयोगमा ल्याइनेछ ।
- देवघाट-४ गाईघाट र भरतपुर म.न.पा. भतेरी चितवन जोड्ने त्रिशुली नदीमा केन्द्र सरकारबाट सम्बोधन भईसकेकोले छिटो सम्पन्नको लागि पहल गरिनेछ र तपसिलका स्थानहरुमा पक्की पुल निर्माणको लागि पहल गरिनेछ।
  १. देवघाट गा.पा. वडा नं. २ र व्यास न.पा. वडा नं. १४ जोड्ने मास्दीघाटमा सेती नदीमा
  २. देवघाट गा.पा. वडा नं. २ खाल्टे र बुलिङ्गटार गा.पा. वडा नं. १ नवलपरासी जोड्ने कालीगण्डकी नदीमा
  ३. देवघाट गा.पा. वडा नं. ३ र बन्दिपुर गा.पा. वडा नं. ६ साराङ्घाटमा सेती नदीमा
  ४. देवघाट गा.पा. वडा नं. १ कोटा र गैंडाकोट न.पा. वडा नं. ३ ढोडेनी जोड्ने कालीगण्डकी नदीमा
- आवश्यकता पहिचान भएका स्थानहरुमा झोलुङ्गे पुल केन्द्र सरकारको योजनामा समावेश भईसकेकोले छिटो पूर्णता दिनको लागि पहल गरिनेछ र तपसिल अनुसारका झोलुङ्गे पुल क्रमश निर्माण गर्दै लगिनेछ ।

१. देवघाट गा.पा. वडा नं. ५ भुवनटारबाट चितवन महानगरपालिका वडा नं. १ भतेरी जोड्ने झोलुङ्गे पुल निर्माण,
२. देवघाट गा.पा. वडा नं. २ खाल्टेबाट बुलिङ्गटार जोड्ने झोलुङ्गे पुल निर्माण,
३. देवघाट गा.पा. वडा नं. ५ साँढेबगरबाट गैंडाकोट न.पा. वडा नं.३ हर्दी जोड्ने झोलुङ्गे पुल निर्माण,
४. देवघाट गा.पा. वडा नं. २ चिन्डेखोला झोलुङ्गे पुल निर्माण,
५. देवघाट गा.पा. वडा नं. २ छेरङ्गाखोला झोलुङ्गे पुल निर्माण,
६. देवघाट गा.पा. वडा नं. २ मास्दीखोला झोलुङ्गे पुल निर्माण,

२) **सि.टी. हलः**

देवघाट गाउँपालिका वडा नं. ५ मा अवस्थित सि.टी. हल निर्माण कार्य सम्पन्न भइसकेकोले संरक्षणको लागि घेराबार, रिटेनिङ्ग वाल र गेटको निर्माण वहुवर्षीय टेण्डर प्रक्रियालाई अगाडि बढाइनेछ ।

३) **वडा र गाउँपालिका भवनः**

वडा नं. १ र वडा नं. ५ मा वडा कार्यालय भवन निर्माणको वहुवर्षीय टेण्डर गरिनेछ ।

४) **विद्युतिकरण तर्फः**

- तनहुँ हाइड्रो अन्तर्गत सामाजिक दायित्व अन्तर्गत आगामी आ.व.मा सम्पूर्णमा बिजुली बत्तीको व्यवस्था गरिने हुँदा आवश्यक पहल गरी छिटो बिजुली बत्ती बालिनेछ ।
- सडकको दायाँ बायाँतर्फ व्यवस्थित रुपमा नगाडेका पोलहरु अनुगमन गरी व्यवस्थित गरिनेछ ।

५) **घर नक्सा एवं शहरी सुन्दरता तर्फः**

- बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन २०७२ अनुसार घर नक्सा पास सम्वन्धि मापदण्डलाई लागू गरीने छ ।
- पुरानो घरको अभिलेखीकरण गर्नका लागि आगामी आ.व. २०७८/०७९ सम्म म्याद थप गरी सबै घरहरुलाई अभिलेखीकरण हुन आउन प्रोत्साहित गरिनेछ । आ.व. २०७८/०७९ भित्र अभिलेखीकरण नगरेमा थप जरिवाना लिइनेछ ।
- गाउँपालिकाको भवन संहिता कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।
- देवघाट १ बसेनीटार, देवघाट ४ चामानघाट, देवघाट ३ साराङ्गघाट, देवघाट-५ डोडे र देवघाट ५ त्रिशुली नदी किनारमा तथा वडा नं. ४ गाईघाटबाट मोहोरिया भञ्याङ्ग जाने बाटो पहिरोको कारण रोकथाम गर्न मोहोरिया गाउँमा रिटेनिङ्ग वाल तथा तारजाली व्यवस्था गरी भू-क्षय रोकथामको लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**ङ) वातावरण तथा विपद व्यवस्थापनः**

**१) विपद ब्यवस्थापन तर्फः**

- कोभिड-१९ को हालको विश्वव्यापी संक्रमण लगायत भविष्यमा आउन सक्ने विपद व्यवस्थापन गर्न सक्ने गरी विपद व्यवस्थापन क्षमताको विकास गरिनेछ ।
- गाउँपालिका स्तरको विपद व्यवस्थापन समितिको क्षमता बढाई विपद व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ । साथै कोरोना भारइस महामारी र त्यस्तै अन्य प्रकृतिका रोग तथा महामारी

रोकथाम तथा नियन्त्रणको लागि छुट्टै संयन्त्रको स्थापना गरिनेछ।

- विपद व्यवस्थापन संयन्त्रको विकास, विपद सामाग्रीको भण्डार लगायतको कार्य गर्न र कोभिड-१९ को सम्भावित थप जोखिम समेतलाई मध्यनजर गरी विपद व्यवस्थापन कोषको मौज्दात रकममा वृद्धि गरिनेछ ।
- प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त जोखिमपूर्ण क्षेत्रमा विपद ब्यवस्थापन गर्न विपद ब्यवस्थापन कार्यक्रमहरु संचालन गरिनेछ ।
- यस क्षेत्रका बिभिन्न ठाउमा हुने नदी कटान भएका क्षेत्रमा स्थानीय जनसहभागितामा तटबन्ध गर्न बिभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रसँग आवश्यक निर्माण सामाग्री उपलब्ध गराउन समन्वय गरिनेछ । गलेश्वर आश्रम नजिकको नदीले गरेको कटान रोक्नको लागि पहल गरिनेछ ।
- देवघाट क्षेत्रको स्नानघाट निर्माणको गुरुयोजना कार्यान्वयनलाई आवश्यकता अनुसार समन्वय गरिनेछ ।
- प्राकृतिक प्रकोप, मानव सृजित प्रकोप तथा महामारी रोग रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्न पहल गरिनेछ ।
- भू-क्षय रोकथामको लागि तार जाली खरीद गरी लागत सहभागिताका आधारमा वितरण गरिनेछ ।

**२) वातावरण तर्फः**

- हरित तथा पूर्ण सरसफाइयुक्त गाउँपालिका अवधारणाको मर्म अनुरुप गाउँपालिका हरित बनाउन निर्माण सम्पन्न प्रमाण पत्र लिदा कम्तिमा २ वटा रुख रोपेको हुनु पर्ने व्यवस्था लाई निरन्तरता दिइनेछ ।

- जसले फोहोर गर्छ त्यसको ब्यवस्थापन स्वयमले गर्नुपर्छ भन्ने कार्यक्रम ल्याइनेछ ।
- वातावरणमैत्री स्थानीय शासन कार्यक्रम मार्फत वातावरणमैत्री वडाहरु घोषणा गर्दै आ.व. २०७८/०७९ भित्र यस गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिकाको रुपमा घोषणा गरिनेछ ।
- सामुदायिक वनसँगको सहकार्यमा आर्थिक उपार्जन र वन व्यवस्थापनको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वातावरण हराभरा बनाउनको लागि सार्वजनिक स्थलहरुमा वृक्षारोपण गरिनेछ ।
- देवघाट - ४ आमडाँडालाई अम्रिसो पकेट क्षेत्र घोषणा गरिनेछ ।
- सम्भावित स्थलहरुमा जैविक पोखरी निर्माणको लागि वन डिभिजन कार्यालयसँग समन्वय गरिनेछ ।
- सार्वजनिक स्थानहरुमा नजीकको टोल विकास संस्था, क्लव, समुह, सहकारी, संघ-संस्थालाई वृक्षारोपण, फलफूल रोपणको लागि आव्हान गरिनेछ।
- भौतिक पूर्वाधार निर्माण गर्दा वातावरण-मैत्री पूर्वाधार निर्माण गर्न जोड दिईनेछ ।
- डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समितिसँगको समन्वय, सहकार्यमा फलफूल लगायतका अन्य विरुवा रोप्ने कार्य गरिनेछ ।
- सामुदायिक वनले वडा कार्यालयबाट प्राथमिकतामा परेका योजनामा सहलगानी गर्नुपर्ने तथा वडा कार्यालयको सिफारिसमा मात्र कार्यक्रम वा आयोजना सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**च) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

**आन्तरिक व्यवस्थापन एवं सेवा प्रवाह तर्फः**

१. कोभिड-१९ को संक्रमणबाट बच्ने उपाय गरी सुरक्षित तवरले गाउँपालिका, वडा कार्यालय तथा शाखा/इकाईहरुबाट प्रवाह हुने सेवाहरुलाई सुरक्षित हिसाबले निरन्तरता दिइनेछ ।

२. अनलाईनबाट हुन सक्ने कार्यहरुलाई अनलाईनबाट गरिनेछ ।

३. आवश्यकता अनुसार स्वास्थ्य शिविर र घुम्ति शिविरहरु सञ्चालन गरिनेछ ।

४. कार्यालय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता निरन्तरता गरिनेछ ।

५. स्थानीय शान्ती सुरक्षा कायम गर्न एवं सामाजिक विकृती विसंगति विरुद्धका गतिविधिहरु रोक्न सामुदायिक मेलमिलाप सेवा समिति, सामुदायिक प्रहरी, इलाका प्रहरी कार्यालयको सहकार्यमा कार्यक्रम संचालन एवं सहयोगका लागि निरन्तरता दिईनेछ ।

६. नगर प्रहरीको उचित परिचालन गरिनेछ ।

७. सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

८. सबै वडा र गाउँपालिकामा नागरिक वडापत्र व्यवस्था गरिनेछ ।

९. गाउँकार्यपालिकामा सूचना तथा अभिलेख केन्द्रको स्थापना गरिनेछ ।

१०. गाउँकार्यपालिका कार्यालयमा रहने विषयगत शाखाहरुलाई साधनश्रोत सम्पन्न पारिनेछ ।

११. जनप्रतिनिधी तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम, गोष्ठी, अन्तरक्रिया, समीक्षा, अध्ययन भ्रमणको व्यवस्था गरिनेछ ।

१२. गाउँपालिका क्षेत्रभित्र दर-रेट कायम गर्नका लागि आ.व.को शुरुमा नै कार्यपालिकाले दररेट निर्धारण गरी जारी गर्ने नीति लिइएकोछ र दुर्गम स्थानको छुट्टै दर-रेट कायम निरन्तरता गरिनेछ ।

१३. गाउँपालिका र प्रत्येक वडामा मासिक, चौमासिक तथा वार्षिक समीक्षा कार्यक्रम निरन्तरता गरिनेछ ।

१४. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्थाको संस्थागत क्षमता वृद्धि गरी साधन सम्पन्न बनाइनेछ । साथै सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

१५. अनुगमन, मूल्यांकनमा सुधार गरीने र यस सम्बन्धमा कार्यविधि तर्जुमा गरिनेछ ।

१६. उपलब्धीमूलक कार्यहरुको पहिचान गरी निरन्तरता तथा थप सुधार गरिनेछ ।

१७. राजश्व चुहावट रोक्न र शान्ती सुरक्षा कायम गर्न देवघाट - ५ दासढुङ्गा, पक्की पुलमा प्रहरी विटको निर्माण गरिनेछ ।

**संगठन संरचना र कर्मचारी परिचालन**

- यस कार्यालय तथा मातहतका कार्यालयहरुमा करारमा कार्यरत कर्मचारीहरुलाई शर्तनामा सहित आन्तरिक विज्ञापन गरिनेछ । यस्तो प्रक्रिया मार्फत छनौट भएका करार कर्मचारीहरुलाई ६/६ महिनामा कार्य सम्पादन र सेवा प्रवाहमा गुणस्तरीयता मापनका आधारमा म्याद थप गरिनेछ । देखिएको तोकिएको कार्य क्षेत्रमा औषत रुपमा सन्तोषजनक नपाईएमा म्याद थप नगर्ने वा जुनसुकै बखत हटाइनेछ ।
- स्थायी तथा निजामती कर्मचारीहरुलाई आफ्नो काम कर्तव्य प्रति सचेत गराइनेछ । स्थायी सेवाको दम्भ मिश्रित व्यवहारले आम नागरिक र जनप्रतिनिधिहरुमा बारम्बार अमर्यादित शब्द र व्यवहार प्रस्तुत गर्ने, तोकिएको कार्यक्षेत्रमा नै रही कार्य सम्पादन नगर्ने कर्मचारीहरुलाई आफै विकल्पको खोजी गर्ने वा स्थानीय तह मार्फत त्यस प्रकृतिका बाधक कर्मचारीहरुलाई प्रतिस्थापन प्रक्रिया थालनी गरिनेछ ।
- गाउँकार्यपालिका तथा वडा कार्यालयमा विकास निर्माण लगायतका सामाजिक परिचालनमा सहयोग गर्नका लागि सामुदायिक स्वयंसेवक

कर्मचारी राखिनेछ र अन्य विषयगत शाखाहरुमा आश्यकता अनुसारले जनशक्ति व्यवस्थापन गर्दै जाने नीति लाई निरन्तरता दिइनेछ ।

**सुशासन, जवाफदेहिता, प्रशासनिक कुशलता, वित्तिय प्रभावकारीता तथा जोखिम न्युनीकरण र पारदर्शिताः**

- आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बार्षिक बजेट अनुसारका कार्यक्रम र योजना कार्यान्वयनमा ल्याइनेछ ।
- जनप्रतिनिधि, कर्मचारी र नागरिकको विभिन्न विधामा सिप तथा दक्षता विकास, सस्थागत सुशासन, नीति प्रभावकारिता जस्ता क्षेत्रमा क्षमता विकासका लागी संधिय सरकार र प्रदेश सरकारका PLGSP लगायतका कार्यक्रमसँग तालमेल र सहकार्य गरिनेछ ।
- 
- सबै वडामा क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- आय र व्ययको फाँटबारी प्रत्येक महिनामा सार्वजनिकीकरण गरिनेछ । साथै सूचना प्रविधिमा आधारित वित्तिय प्रतिवेदन प्रणाली जोड दिइनेछ ।
- उपभोक्ता समितिको पर्याप्त लागत सहभागिता रहने र त्यसलाई मर्मत सम्भारको जिम्मा लिइएका आयोजना बाहेक अन्य विकास आयोजनाहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियामवली २०६४ बमोजिमको प्रक्रिया मार्फत कार्यान्वयन गरिनेछ ।
- एकीकृत नागरिक सेवा केन्द्र तपसिलका स्थानहरुमा सञ्चालनको लागि निरन्तरता गरिनेछ ।
  - देवघाट - १ जामुने
  - देवघाट - २ आमडाँडा र खाल्टे
  - देवघाट - ३ डगरा र साराङ्गघाट

- देवघाट - ४ पार्लाङ्ग
- देवघाट - ५ बगन्दी

- सबै वडा र गा.पा. मा नागरिक सहायता कक्ष (Help Desk) को व्यवस्था गरीने तर्फ आवश्यक पहल गरिनेछ ।
- सबै योजनाहरुमा अनिवार्य अनुगमन समिति, सूचना पार्टी र सार्वजनिक परीक्षण गरिनेछ ।
- उपभोक्ता समितिहरुलाई योजना सञ्चालन सम्बन्धी सम्बन्धीत वडा कार्यालयमा तालिमको व्यवस्था गरिनेछ ।
- वडा समितिले उपभोक्ता समिति मार्फत वडामा कार्यान्वयन हुने तथा भएका योजना तथा कार्यक्रमको अनुगमन गरी भुक्तानीको लागि गाउँपालिकामा सिफारिस गर्नेछ ।
- योजना तथा कार्यक्रमको कार्य सम्पन्न तथा भुक्तानी प्रक्रियालाई छिटो, छरितो र पारदर्शी बनाउन आवश्यक प्रक्रिया अवलम्बन गरिनेछ ।
- पालिकाको समग्र सेवा प्रवाह, कार्यक्रमहरुको उपलब्धिबारे नागरिकहरुको सुझाव लिने गरी सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणको व्यवस्था गरिनेछ ।

छ) **सूचना प्रविधि, अभिलेख तथा तथ्यांकतर्फ**

- गाउँपालिकाको कार्यालय, वडा कार्यालय, अस्पताल, स्वास्थ्य चौकी सबैलाई आधुनिक सूचना प्रविधिमैत्री बनाईनेछ ।
- गाउँपालिकाका सबै सूचना र तथ्यांकलाई अनलाईन, दिनहुँ अपडेट वेबसाइट तथा आधुनिक प्रविधिको प्रयोग मार्फत नियमित सरोकारवाला समुदायसम्म पुऱ्याइनेछ ।
- गाउँ क्षेत्रभित्रका विद्यालय, स्वास्थ्य सेवा केन्द्र, कृषि पशु इकाई तथा अन्य सेवा प्रदायक संस्थालाई नेटवर्किङ्ग गर्न पूर्वाधार विकास गरिनेछ ।

- गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउन आवश्यक पूर्वाधार लगायतका विषयहरुको सम्बन्धमा विस्तृत कार्ययोजना तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

**दण्ड, प्रोत्साहन र पुरस्कारः**

- गाउँपालिकाको गाउँ सभा सार्वजनिकीकरण भएको दिन उत्कृष्ट समाजसेवी, कृषक, पत्रकार, युवा उद्यमी, कर्मचारी, विद्यार्थी, उपभोक्ता समिति, विद्यालय, शिक्षक आदि लाई सम्मान पत्रको व्यवस्था गरिने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- कानुनको सीमा भन्दा बाहिर गएर कार्य गर्ने, नैतिक मूल्य मान्यता तथा अनुशासनको पालना नगर्ने, भष्टाचार गर्ने, गलत कार्य गर्ने प्रवृतिहरुलाई निरुत्साहित गर्न सम्बन्धित निकायहरु सँग हातेमालो गरिनेछ । यस्ता कार्यमा संलग्न जोसुकै व्यक्तिलाई दण्ड, जरिवाना गर्न नियमानुसार समन्वय तथा सहकार्य गरी कार्य गरिनेछ ।

**सुरक्षा नीति तर्फः**

- देवघाट वडा नं. २ खाल्टेमा स्थायी प्रहरी चौकीको लागि पहल गरिनेछ ।
- इ.प्र.का. देवघाटमा पूर्ण दरबन्दी र स्तरोन्नति गर्नको लागि आवश्यक पहल गरिनेछ ।
- देवघाटको पुल र दासढुङ्गामा प्रहरी विट राख्नका लागि सम्बन्धित निकायसँग पहल गरिनेछ ।
- देवघाट क्षेत्र देवघाट ५ मा सामुदायिक प्रहरीलाई प्रभावकारी बनाइनेछ ।
- नगर प्रहरीको क्षमता विकास गर्ने र उचित परिचालन गरिनेछ ।

**जनप्रतिनिधिहरुका लागि आचारसंहिता**

- गाउँ सभाबाट पारित कार्यक्रमको विरुद्धमा बोल्न पाइनेछैन ।
- जनप्रतिनिधि र कर्मचारीहरुको कोभिड-१९ (कोरोना) वीमा गरिनेछ।
- दोहोरो सुविधा हुने गरी दोहोरो पारिश्रमिक बुझ्ने जनप्रतिनिधिले स्वयं घोषणा गरी एकातिरको पारिश्रमिक छोड्नु पर्नेछ अन्यथा स्वयं जनप्रतिनिधि जिम्मेवार हुनुपर्नेछ ।

**गाउँपालिका गौरवका योजनाः**

जन-अपेक्षा तथा आवश्यकता भौगोलिक बनावट, योजनाको प्राथमिकता, गाउँपालिकाको श्रोत साधन, आर्थिक, सामाजिक, पर्यटकीय सम्भावना लगायतका दृष्टिकोणले महत्वपूर्ण मानिएका तपसिल अनुसारका योजनाहरुलाई गाउँपालिका गौरवका योजनाको रुपमा लिइएको छ । जसलाई उपलब्ध श्रोत साधनको आधारमा बहुवर्षिय योजनाको रुपमा क्रमशः श्रोत साधनको व्यवस्था गरी सम्पन्न गरिनेछ ।

- पशु पंक्षी विकास फर्म, देवघाट - १ कोटा
- कोटा रङ्गशाला, देवघाट - १ कोटा
- छरछरे झरना तथा पर्यटन विकास, देवघाट - १ कोटा
- खाल्टे रङ्गशाला, देवघाट - २ खाल्टे
- खाल्टे पार्क तथा वाल उद्यान देवघाट - २ खाल्टे
- घण्टाचुली भ्यू टावर पर्यटकीय स्थल देवघाट - १ र २ घण्टाचुली
- कोटवैदी कृषि अनुसन्धान केन्द्र, देवघाट - २ कोटवैदी
- जनजाती संग्राहालय, देवघाट - ४ कर्ताप
- ऐतिहासिक प्याउली गढी, देवघाट - ४ कर्ताप
- ऐतिहासिक सिंच्याङ्ग गढी, देवघाट - ४ सिंच्याङ्ग
- देवघाट-साउने, कर्ताप सडक, देवघाट - ४ र ५

- गाईघाट, काफलडाँडा छिपछिपे सानुभञ्याङ्ग सडक, देवघाट - ४, १, ३ र २
- सुन्तला मार्ग, देवघाट ३
- खाल्टे-मास्दीघाट सडक, देवघाट - २
- देवघाट एकिकृत योजना, देवघाट - ५
- देवघाट गाउँपालिका अस्पताल, देवघाट - ५
- बाखा पकेट क्षेत्र तथा सुन्तला, तरकारी, गाई पकेट क्षेत्र
- सिंच्याङ्ग पार्लाङ्ग-साराङ्गघाट सोमेश्वर मार्ग
- खानेपानी योजना
- गाउँपालिका प्रशासकीय भवन
- वडा नं. १ र ५ को वडा कार्यालय भवन
- कोटा, चण्डुली, जामुने मोटर मार्ग

आज्ञाले
नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत